फ्रान्सका पूर्वराष्ट्रपति सार्कोजीको रिहाइबारे अदालतको निर्णय अपेक्षित | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ • अंक १६२ • २०८२ साल कार्तिक २५ गते मंगलबार (11 November, Tuesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।–

## लोकतन्त्रको कालो धब्बा कुचिए, डा. लाभ प्रदेश प्रमुख

**टुडे समाचारदाता**

जनकपुरधाम । पदीय गरिमा विपरीत एक होटलमा बसेर नेकपा एमाले मधेश प्रदेशका संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त र शपथ गराएपछि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई पदमुक्त गरिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सोमबार बसेको बैठकबाट उनलाई पदबाट हटाउने निर्णय गर्दै प्रा. डा. सुरेन्द्र लाभलाई प्रदेश प्रमुखको रुपमा नियुक्त गरिएको छ ।

एमालेको कोटाबाट प्रदेश प्रमुख बनेकी भण्डारीले एमाले नेतृत्वको सरकार बनाउनका लागि आफ्नो संवैधानिक पदको समेत ख्याल नगरेपछि सोमबार दिनभर जनकपुरधाममा तनावको स्थिति उत्पन्न भएको थियो । उनले प्रदेश प्रमुखको कार्यलयभन्दा बाहिर गएर महोत्तरीको बर्दिवासको एक होटलमा सोमबार एकाबिहान मुख्यमन्त्री नियुक्त गरी शपथ गराएकी थिइन् ।

भण्डारीले संविधानमा भएको व्यवस्था एवं कयौं नजीरहरुको प्रतिकूल मधेश प्रदेशसभामा सबैभन्दा ठूलो दल रहेको एमालेको संसदीय दलका नेता यादवलाई मुख्यमन्त्री बनाएकी थिइन् ।

### मुख्यमन्त्रीको सपथ बार रेष्टुरेन्टमा

# मुख्यमन्त्रीको भएन पद बहाली, काम गर्न कठिनाइ

**सुभाष कर्ण**

जनकपुरधाम । गैरलोकतान्त्रिक प्रक्रियाबाट नियुक्त भएका मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको शपथग्रहण महोत्तरीको बर्दिबासस्थित एक बार रेष्टुरेन्टमा सोमबार बिहान करिब ४ बजे भएको छ ।

संवैधानिक धारालाई टेकेर मुख्यमन्त्री नियुक्त गरेकी प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले लोकतान्त्रिक विधि र प्रकृयाको उपहास गरेपछि उनी समेत नवनियुक्त मुख्यमन्त्री यादव समेत विवादमा तानिएका छन् ।

मधेश प्रदेशमा रहेका सात दलीय गठबन्धनलाई भ्रममा राखेर अन्तरिम मुख्यमन्त्री जितेन्द्र सोनललाई आफू अस्वस्थ भएकाले काठमाण्डु जान लागेकी भुठो जानकारी गराएकी थिइन् । जनकपुरधामबाट एकाबिहानै निस्केकी प्रमुख भण्डारीले बर्दिवासस्थित एउटा बार रेष्टुरेन्टमा यादवलाई मुख्यमन्त्री नियुक्त गरेको पत्र दिएकी थिइन् ।

विपक्षी ७ दलीय गठबन्धनको विरोध प्रदर्शनले नवनियुक्त मुख्यमन्त्री यादवले पद बहाली गर्न पाएका छैनन् ।

मुख्यमन्त्री यादवको नियुक्ती र शपथ ग्रहणलाई गैरलोकतान्त्रिक प्रक्रिया विपरित रहेको भनी विपक्षी निवर्तमान मुख्यमन्त्री जितेन्द्र सोनल सम्वद्ध गठबन्धनले आरोप लगाएका छन् । उनीहरुले धारा १६८ (२) जिवितै रहेको अवस्थामा चोरबाटो हुँदै धारा १६८ (३) मा प्रदेशलाई लग्नु गणतन्त्रको उपहास भएको उल्लेख गर्दै प्रदेश प्रमुख भण्डारीले एमालेका नेता सरोज यादवलाई गैरसंवैधानिक रुपमा नियुक्त गरेको आरोप लगाएका छन् ।

निवर्तमान मुख्यमन्त्री सोनलले भने, 'प्रदेश प्रमुखको कदम असंवैधानिक, गैरलोकतान्त्रिक पदीय मर्यादा विपरीत हो । नवनियुक्त मुख्यमन्त्रीको शपथग्रहणमा प्रमुख सचिव, सभामुख, मुख्यन्यायाधिवक्ता, मुख्यन्यायाधीश, नेपाल प्रहरीको प्रदेश प्रमुख, सशस्त्र प्रहरी प्रदेश प्रमुख र नेपाली सेनाको प्रतिनिधिको बीचमा लोकतान्त्रिक प्रक्रियाले लिनुपर्ने हो । तर ती प्रक्रिया नअपनाइ एउटा बार रेष्टुरेन्टमा शपथ ग्रहण गराउनु गैरलोकतान्त्रिक गणतन्त्रको उपहास गरेको आरोप सोनलले लगाएका छन् ।





संविधानको धारा १६८ (२) वा १६८ (३) बमोजिम सरकार गठन गर्ने व्याख्यामा मतभेद भइरहेको क्रममा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्रदेशका ठूला दल नेकपा एमालेका नेता सरोज यादवलाई मुख्यमन्त्री नियुक्त गर्दा मधेश प्रदेशलाई अस्थिरताको दलदलमा फसाउने दुस्साहस गरेको आरोप लगाइएको छ ।

मुख्यमन्त्री नियुक्तिविरुद्ध विपक्षी ७ दलीय गठबन्धन दलले सर्वोच्च अदालतमा रिट दायर गर्ने निर्णय गरे पनि अन्य दुईवटा रिट मुख्यमन्त्री नियुक्तिविरुद्ध सर्वोच्चमा सोमबार दर्ता भएको छ ।

सभामुख रामचन्द्र मण्डलको पद उच्च जोखिममा परेको छ । प्रदेश सभामा उनले पदीय आचरण विपरीत कार्य गर्दै मुख्यमन्त्रीलाई विश्वासको मत लिन अवरोध गरेकाले महाअभियोग लगाउने तयारी गरिएको छ । सभामुख मण्डललाई हटाउन दुई तिहाइ अर्थात ८१ जना सभासद आवश्यक रहेको र सो संख्या ७ दलीय गठबन्धनसित रहेको छ ।

नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले मण्डलमाथि महाअभियोग लगाउने बताउँदै उनले पटक पटक पदीय मर्यादा विपरीत एमालेको कार्यकर्ताको रुपमा भूमिका निर्वाह गरेको बताए ।

मुख्यमन्त्री नियुक्तिलाई सरकार नेतृत्वकर्ता एमालेभित्रै असंवैधानिक र गैरलोकतान्त्रिक कदम रहेको भन्दै असन्तुष्टि जनाइएको छ । एमालेका प्रमुख सचेतक हरिनारायण महतोले संचारकर्मीसँग कुरा गर्दै भने, 'दलभित्र संविधानको १६८ को उपधारा २ अनुसार सरकार गठनको सम्भावना जीवितै रहेकाले ३ मा नजान दलका नेता यादवलाई सचेत गराए पनि पार्टीलाई नै धरापमा पार्ने कार्य गरेको छ ।'

भित्रभित्रै षड्यन्त्र गरेर, के कहाँबाट परिचालित भएर, हामीलाई कुनै जानकारी नगराइ राति साढे ४ बजे बर्दिबास कालापानीको होटेलमा गएर सपथ लिएर पार्टीमाथि समेत कालो धब्बा लगाएको महतोले बताएका छन् ।

७ दलीय गठबन्धनले धारा १६८ (२) अनुसार बहुमतको समर्थन प्राप्त दलको नेता नियुक्त गर्नुपर्ने माग गर्दै प्रदेश प्रमुखको कार्यालय अगाडि प्रदर्शन गरिरहेको बेला भण्डारीले आकस्मिक रूपमा धारा १६८ (३) अनुसार सबभन्दा ठूलो दल एमालेका यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन् ।

यादवले आइतबार राति ११ बजे नियुक्तिपत्र लिएर सोमबार बिहान ४ बजे बर्दिबास कालापानीस्थित बार रेष्टुरेन्टमा प्रदेश प्रमुखबाट शपथ ग्रहण गरेका थिए । यादवसँगै विनाविभागीय मन्त्रीका रूपमा एमालेका लखन दास तत्मा, नेपाल संघीय समाजवादी पार्टीकी विमला अन्सारी र राप्रपाकी कञ्चन विच्छाले पनि शपथ लिएका छन् ।

उनको नियुक्तिपछि ७ दलीय गठबन्धन दलहरूले 'संघीयता समाप्त पार्ने गरी संवैधानिक मर्यादाविपरीत' प्रदेश प्रमुखले कदम चालेको भन्दै सोमबार दिनभरि चर्को विरोध प्रदर्शनसहित नाराबाजी गर्दै प्रदेश प्रमुखको कार्यालय तथा मुख्यमन्त्री कार्यालयमा तोडफोड समेत गरेका छन् ।

यता नवनियुक्त मुख्यमन्त्री यादवले आफू रहरले नभइ संवैधानिक बाध्यताले मुख्यमन्त्री बनेको दाबी गर्दै गैरसंवैधानिक वा मर्यादाविपरित होइन, संविधानको धारा टेकेर नै ठूला दलको हैसियतमा मुख्यमन्त्रीमा नियुक्त भएको बताएका छन् ।









# आफैँलाई गुमाएर, आफैँलाई प्राप्त गर्ने अद्भुत यात्रा विपश्यना

काठमाण्डु । यात्रा ! गन्तव्यमा पुग्ने उत्साह । यही उत्साहका कारण कठिनभन्दा कठिन चुनौती पार गर्न बल मिल्छ । संसार घुम्न सजिलो छ । नाङ्गो आँखाले भ्याएजति देख्न पनि सजिलै छ । तर, कुनै यस्तो एक यात्रा छ, जहाँ पुग्दापुग्दै आफैँ हराइन्छ, आफैँ बिलाइनेछ । आफैँ गुमाएर आफूलाई नै पाउने अनुभूति जगाउने त्यो, एक अद्भुत यात्रा हो 'अन्तर मनको यात्रा' अर्थात् ' विपश्यना ध्यान' विधि ।



तन-मन शिथिल पारेर थपक्कै बसेर मनको आँखाले शरिरभित्र डुलाउने प्रक्रिया अद्भुत रहेछ । दसैंको मुखैमा विपश्यना शिविर पुगेँ । ध्यानका सुरुका तीन चार/दिन शरीर दुखेर रुन मन लाग्यो । विचारका पहाडहरु चिर्दै, शरीरभरि उठिरहेका बग्रेल्ती सुखद र दुखद संवेदनाहरुको अनुभूति गर्दै अन्तरमन भरी दौडिन साँच्चिकै सजिलो रहिन छ । यसको वास्तविक अनुभूति विपश्यना ध्यान शिविरमा सहभागी भएपछि महसुस गरेँ ।

विपश्यना ध्यान विधिले जिउने कला सिकाउँछ । घण्टौं पलेटी कसी बसेर आफ्नो श्वास प्रश्वासलाई नियाल्दा धैर्य भई बस्न सक्ने क्षमता विस्तार गराउँछ । पलेटीकसी बस्दा बस्दै छेउछाउका केही साथीहरु घुरेका आवाजहरु कानमा गुन्जिन्थे । बसीबसी निदाएरै १० दिन बताउने साधकहरु पनि थिए । एक साधकले १० दिन पूरा गरेपछि भनिन्, "बाख्राको पुच्छर खाए जस्तै चुलचुले थिएँ, अचम्मै लाग्यो म यतिका दिन कसरी बस्न सकेँ ?"

उनले भने जस्तै, विपश्यनाले धर्यता, सहनशीलता, आफूप्रतिकै इमानदारीताप्रति आफू नै साक्षात्कार हुन सिकाउँछ। विपश्यना शिविरमा १० दिन (आर्य मौन बस्ने) सम्म शब्द उच्चारण गर्ने त कुरै भएन कुनै इशारा वा सङ्केत समेत गर्न मिल्दैन । न फोनको घण्टी बज्छ, न त कुनै म्यासेजको टिन टिन सुनुपर्छ । न कुनै गाडीको ट्र्याँ...ट्र्याँ... न कुनै उद्योगको ध्वनि प्रदूषण ।

दश दिन बाहिरी दुनियाँबाट पूरै बेखबर हुँदा अन्तरमुखी भएर जिउनुको रस बेग्लै हुने रहेछ ।

विपश्यना ध्यान विधिलाई अपनाइरहदा छैटौँ दिनमा अनौठो महसुस भयो । शरीरभरि तरङ्ग नै तरङ्ग फैलिए । एकपल त म को हुँ ? तरङ्ग मात्रै हुँ ? भन्ने भान भयो । अर्को दिन त्यही संवेदना रुपान्तरित भएर विन्दु-विन्दु (थोप्ला) भएको संवेदना महसुस भयो । थुप्रै विन्दुहरुको समग्र रुप नै शरीर हो कि ? या एक विन्दु मात्रै म हुँ ? शरीरभित्र उत्पन्न हुने र हराउने यी संवेदनाहरुको बेगले म को हुँ ? भनी सोच्न बाध्य बनाउँछ । उत्पन्न सोचहरुबीच ध्यान जारी छ ।

शरीरभित्र उत्पन्न भएका अनेक संवेदनाहरुको लहर चलिहरन्छ । केही क्षणमै बम विस्फोट भए जस्तै शरीर पड्किए भैँ भयो । ती ठूला संवेदनाहरु थिए । जसको आवाज थिएन तर, झट्का भने कुनै बमभन्दा कम लागेको थिएन । आत्तिएछु, आँखाभरि डर, त्रास र थोरै रहस्य भाव बोकेर अचार्य गुरु माँलाई सोधेँ, "शरीरभरि बम पट्किए जस्तै भयो, अत्यास लाग्यो ।"

उहाँले मन्दमुस्कान र शालीन भाव पस्किँदै भन्नुभयो, "आत्तिनु पर्दैन । त्यो पनि संवेदना नै हो आउँछ, जान्छ, क्षणभङ्गुर छ । मात्रै साक्षी भावले हेरिरहनु ।" वास्तवमा कुनै प्रतिक्रिया बिना नै उत्पन्न भइरहेको घटनाको साक्षी हुनुमै शान्तिको मुहान लुकेको हुँदोरहेछ । यो विपश्यना ध्यान विधिले गराएको अर्को महत्वपूर्ण अनुभूति थियो । जहाँ दुख्छ या पीडा बोध हुन्छ, त्यहाँ जति साक्षी भावले नियाल्यो त्यति छिट्टै बिलीन हुन्छ । फेरि अर्को कुनै ठाउँ अर्को संवेदना जाग्छ । संवेदनाहरु जाग्नु र हराउने प्रक्रिया निरन्तर शरीरमा चरिरहन्छ । संवेदनाहरुको उतारचढावको वेग चुपचाप नियाल्नुमा ठूलो धैर्यता चाहिने रहेछ ।

शरीरभरि फैलिएका यस्ता अनौठा संवेदनाहरु यसअघि कहिल्यै यति सूक्ष्म तरिकाले महसुस गरेकी थिइन् । दैनिकी भागदौडमा हामीले हाम्रो शरीरको कुन अङ्गलाई यति ध्यान दिन भ्याउँछौँ र ? अझ अन्तर मनको तरङ्ग सुन्ने सुक्षमता त गुमनाम भइसकेको छ । विपश्यना ध्यान विधिले आफूमै केन्द्रित हुन सिकाउँछ । सहन सक्ने शक्ति बढाउछ, दुखाइ र पीडालाई स्वीकार गरेर सहज रुपमा लिने स्वभावको विकास गराउँछ । अझै महत्वपूर्ण सिकाइ भनेको शरीरभित्र दौडिरहेका हरेक प्रकारका संवेदनाहरुप्रति तटस्थ रुपमा साक्षी एवं द्रष्टा भावको जागरण गराउँछ ।

विपश्यनाको सातौँ दिन । पूर्णिमाको रात थियो । चन्द्रमा पूरै उदाएका थिए । चकमन्न रातमा । केही टिम टिम तारा । राति ९ बजेको प्रवचन र ध्यान सकाएर धम्म(ध्यान) सभाबाट त्यस दिनको ध्यान सकेर सुत्ने कक्षमा पुग्दा बाहिर आकाशतिर आँखा पुग्यो । त्यो दिन चन्द्रमा पूर्ण गोलो आकारमा थियो । मनले पूर्णिमा रात रहेको चाल पायो । एकटक उभिएर चन्द्रमा नियाली रहे । उही चन्द्रमा, उही आकाश, अनि यिनै आँखा । तर, चन्द्रमाप्रतिको अनुभूति र बोध भने विगतभन्दा फरक महशुस गरेँ ।

चम्किरहेको चन्द्रमालाई मैले पहिलो पटक उ जस्तो छ त्यस्तै रुपमा देखेँ । पहिला भने चन्द्रमासँग थुप्रै अलङ्कार जोडेर रोमाञ्चित हुन्थेँ । झुटो चन्द्रमाको परिकल्पना गरेर झुटै कल्पनामा रमाउने बानी परेको थियो । तर, त्यो रात चन्द्रमा साँच्चै विशुद्ध चन्द्रमाकै रुपमा नियालेँ । त्यहाँ कुनै प्रतीक जोडिन । उ मलाई हेरिरहेको छ, म उसलाई । हामी मात्रै एक अर्काका द्रष्टा मात्रै थियौँ । कल्पनाको जालो जब विस्तारै विलिन हुन्छ, तब मात्रै वस्तुगत यथार्थ नियाल्न सम्भव हुने रहेछ । यी कुराहरु मैले कतै न कतै सुनेकी थिएँ, अनुभूति गर्न पाएकी थिइन् ।

प्रत्येक वर्ष घुमफिर गरेर रमाइलो गर्ने मेरो स्वभाव छ । सम्भव भएसम्म घुम्ने, डुल्ने । यसै क्रममा अहिलेसम्म चार हजार १३० मिटर उचाईमा रहेको अन्नपूर्ण आधार शिविर (एबिसी), चार हजार १०० मिटर उचाईमा रहेको पाँचपोखरी र चार हजार २५० मिटर उचाईको मर्दी ट्रेकमा पुगेको छु । देशदेखि विदेशसम्मको यात्रा गरेको अनुभूति पनि छ । समुन्द्र, पहाड, हिमाल, तराईको अनुभव । उकाली र ओराली अनुभूति । सबै दृश्यको साक्षात्कार गरेकी मलाई विपश्यनामा पुगेर गरेको अन्तरमनको यात्रा सयौँ गुणा सुखद् रह्यो ।

यात्राको प्रक्रिया कुनै पहाड चढ्नुभन्दा कम सजिलो छैन । यससँगै थुप्रै चुनौतीहरु भोग्नु पनि तयार हुनुपर्छ । आफूभित्रको अन्तरद्वन्द्वको सामना गर्न कठिन छ । तर, जसरी लामो कष्टर पदयात्रापछि गन्तव्यमा पुगेर प्राप्त हुने खुसी जस्तै अन्तरमनको यात्राले दिने आनन्द र उत्सव त्यो भन्दा कहिल्यौं गुणा बढी हुँदोरहेछ ।

विपश्यनाका लागि शिविरमा नाम दर्ता गर्दा उदासिनको बादल छाएको हामी सबै साधकहरुको अनुहार १० दिनपछि शिविर पूरा गरेर निस्किदा उज्यालो, चम्किलो र एक उत्साह भरिएको जीवन लिएर फर्कियौँ ।

यस्तो, लाग्दै थियो, 'मेमरी फूल' भएको 'हार्डडिक्स पूरै फर्म्याट' भएको छ । हलुका र प्रफूलित मुहार लिएर, हामी शिवपुरी सैनिक क्याम्प नजिकबाट घर फिर्ता हुन जमलस्थित ज्योति भवनसम्मको गाडीमा चढ्यौँ ।

विपश्यना शिविरको एउटै कोठामा बस्ने साथी सुस्मिताले भनिन्, "प्रफूल्लित भएको यो मन अब दैनिक जीवनमा फर्किएपछि कति दिन टिक्ला ?" उनले गरेको यो प्रश्न सबै विपश्वी साधकको साझा चुनौती हो । तर, म भने विपश्यना ध्यान विधिले आत्मबोध गराएको हरेक चुनौतीलाई साक्षी भावले नै हेरौँला भनेर मुस्कानसहित घर फर्किएँ ।रासस

# गृह र अध्यागमनको टोलीद्वारा कोरला नाका अवलोकन

मुस्ताङ । गृह मन्त्रालय र अध्यागमन विभागको टोलीले नेपाल-चीन सीमामा रहेको कोरला नाका अवलोकन गरेको छ ।

पोखराबाट हवाई मार्ग हुँदै जोमसोम आइपुगेर सोही दिन कोरला नाका पुग्नुभएका गृह सचिव रामेश्वर दङ्गाल, अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारीलगायतको टोलीले कोरला नाकाको अध्ययन अवलोकन गरेको हो । गृह र अध्यागन विभागको टोलीले लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्ट र कोरलास्थित अध्यागमन कार्यालयका प्रमुख प्रवेश बडुवालबाट नाकाको विषयमा त्यहाँ एकीकृत भन्सार, अध्यागमन, सुक्खा बन्दरगाह र सुरक्षा पोष्ट व्यवस्थापन गर्न सके प्रभावकारी हुने गृह र विभागको टोलीलाई सुझाव दिइएको छ ।

लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्टलाई कोरला नाकालाई पर्यटन मार्गका रूपमा विस्तार गर्न चिनियाँ राहदानी प्राप्तिको सुविधा स्थानीयस्तरबाटै व्यवस्थापन गर्न सके नेपाली नागरिकलाई चीनको भ्रमण गर्न सहज हुने बताउनुभयो । अध्यक्ष विष्टले काठमाडौँका चाइनिज दूतावासबाट प्रवेशाज्ञा लिन जाँदा अन्य नाकाबाट चीनको भ्रमण



जानकारी लिएको थियो । टोलीले कोरला नाकामा रहेको अध्यागमन कार्यालयको अस्थायी भवनको समेत निरीक्षण गरेको कार्यालय प्रमुख बडुवालले बताउनुभयो ।

यस्तै गृह र अध्यागमन विभागको टोलीले लोमान्थाङ-२ न्हेचुङस्थित मुस्ताङ भन्सार कार्यालय र सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी) भवनको निरीक्षण गरेको थियो । त्यहाँस्थित भन्सार कार्यालयका प्रमुख रमेश खड्काले भन्सार कार्यालयका समस्या, चुनौतीलगायत विषयमा टोलीलाई जानकारी गराएको थियो ।

लोमान्थाङस्थित इलाका प्रशासन कार्यालयलाई अध्यागमन कार्यालयसँगै व्यवस्थापन गर्ने गरी प्रारम्भिक छलफल भएको छ । समुन्द्री सतहको चार हजार ६१० मिटरको अग्लो उचाइमा अवस्थित अध्यागमन कार्यालयलाई न्हेचुङ भन्सार नजिकैको स्थानमा व्यवस्थापन गर्न सकिनेलगायत विषयमा प्रारम्भिक छलफल भएको प्रमुख बडुवालले बताउनुभयो ।

गर्न सकिने भएकाले यहाँ कोरला नाकाको पर्यटन मार्गलाई गतिशील बनाउन चिनियाँ दूतावासको समन्वयमा मुस्ताङमै वैकल्पिक प्रवेशाज्ञा प्राप्तिको व्यवस्था गर्न सकिने प्रभावकारी हुने गृह र अध्यागमनको टोलीलाई सुझाव दिइएको छ । अध्यक्ष विष्टले उपल्लो मुस्ताङमा अध्यागमन विभागले विदेशी पर्यटकबाट उठाउने प्रवेशआज्ञा शुल्क हटाउन माग गर्नुभयो । कोरला नाकाको अध्ययन अवलोकका क्रममा गृह सचिव दङ्गालले कोरला नाकालाई नेपाल-चीन अन्तरराष्ट्रिय नाकाको रूपमा विकास गर्दै लैजाने प्रतिबद्धता जनाउनुभयो ।

सरकारले चालु आर्थिक वर्षमा यहाँको अध्यागमन कार्यालयको भवन निर्माण गर्न रु तीन करोडभन्दा बढी बजेट विनियोजन गरिसकेको छ । अब उपयुक्त स्थानको पहिचान गरी भवन निर्माणमा जोड दिइने अध्यक्ष विष्टले बताउनुभयो । "यो नाका अन्तरराष्ट्रिय नाकाको रूपमा विकसित भइसकेको छ । रासस

# गौरमा युवकको शव फेला

**टुडे समाचारदाता**

रौतहट । रौतहटको सदरमुकाम गौर नगरपालिका- ५ मा रहेको बरहवा नदीमा सोमबार बिहान एक युवकको शव फेला परेको छ ।

नदीमा डुबेको अवस्थामा भेटिएको शव चन्द्रपुर नगरपालिका ६ का २० वर्षीय सुनिलकुमार कहारको भएको रौतहट प्रहरीले पुष्टि गरेको छ । घटनास्थलमा फेला परेको सवारी चालक अनुमति पत्रको आधारमा उनको पहिचान खुलेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

शनिबारदेखि बेपत्ता रहेका कहार कसरी गौरको बरहवा नदीमा पुगे भन्ने विषयमा प्रहरीले अनुसन्धान सुरु गरेको प्रवक्ता डीएसपी विष्णु प्रदिप बस्यालले बताए । उनले जानकारी दिए अनुसार शवलाई प्रादेशिक अस्पताल गौरमा राखिएको छ भने आफन्तजनसँग सम्पर्क भइसकेको छ ।

# नयाँबसपार्कमा निःशुल्क इन्टरनेट सेवा चलाउन पाएसँगै यात्रुमा खुसी

काठमाण्डु । सरकारले काठमाडौँको गोँगबुस्थित नयाँबसपार्कमा निःशुल्क इन्टरनेट सेवा जडान गरेसँगै यात्रुमा खुसी छाएको छ ।

गुल्मी जानका लागि बसपार्क आउनुभएका चन्द्र केसी मानिसको धेरै आवतजावत हुने स्थानमा निःशुल्क इन्टरनेट सेवा जडान गरेर जनताको मन जितेको बताउनुहुन्छ । "काठमाडौँ मात्र नभई निःशुल्क इन्टरनेट सेवालाई काठमाडौँ बाहिर पनि विस्तार गर्नुपर्छ", उहाँ भन्नुहुन्छ ।

दाङ जानका लागि नयाँबसपार्क आउनुभएका भूपप्रसाद भुसाल पहिलोपटक बसपार्कमा निःशुल्क इन्टरनेट सेवा पाउँदा ज्यादै खुसी लागेको बताउनुहुन्छ । निःशुल्क इन्टर नेटको सेवालाई गाउँगाउँसम्म लैजानुपर्ने उहाँको भनाइ छ ।नयाँबसपार्कको काउन्टरमा कार्यरत बच्चुराम भट्ट सरकारले निःशुल्क इन्टरनेट सेवा दिएर धेरै राम्रो काम गरेको बताउनुहुन्छ । "प्रविधिको जमानामा सार्वजनिक स्थानमा निःशुल्क इन्टरनेट दिँदा यात्रुलाई धेरै सहज भएको छ", भट्ट भन्नुहुन्छ ।

धादिङका दीपक ढकाल नयाँबसपार्कमा मात्र नभई काठमाडौँभित्रका सबै ठाउँमा निःशुल्क इन्टरनेट सेवा विस्तार हुनुपर्ने बताउनुहुन्छ । सरकारले नयाँबसपार्कमा निःशुल्क इन्टरनेट सेवा विस्तार गरेर सराहनीय काम गरेको उहाँको भनाइ छ ।बस व्यवसायी राकेश भट्ट निःशुल्क इन्टरनेट सेवाको शुभारम्भ गर्नु मात्र ठूलो कुरा नभई यसको निरन्तरता ठूलो कुरा भएको बताउनुहुन्छ । "सबैले आफ्नो चर्चाका लागि सुरुमा काम गर्छन्, यसले निरन्तरता पाउँछ



की पाउँदैन भन्ने मुख्य कुरा हो", उहाँ भन्नुहुन्छ ।

माथि उल्लिखित भनाइ केवल प्रतिनिधिमूलक भनाइ हुन् । गत असोज ६ गते सञ्चार तथा सूचना प्रविधिमन्त्री बन्नुभएका जगदीश खरेलले आफ्नो पहिलो निर्णयमा हस्ताक्षर गर्दै दुई महिनाभित्र काठमाडौँ उपत्यकाका महत्वपूर्ण सार्वजनिक स्थलमा निःशुल्क वाइफाईको पहुँच पुऱ्याउने निर्णयअनुसार यही कात्तिक १९ गते नयाँबसपार्कमा निःशुल्क इन्टरनेट सेवाको शुभारम्भ गर्नुभएको थियो ।

सरकारको सहकार्यमा भायोनेटले जडान गरेको उक्त इन्टरनेट सेवा एक पटकमा एउटा मोबाइलमा ९० मिनेटसम्म निःशुल्क चलाउन मिल्नेछ । देशभरका यातायात व्यवसायीहरूको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव डेकनाथ गौतम मुलुकको राष्ट्रिय बसपार्कमा निःशुल्क इन्टरनेट सेवा जडान हुनु खुसी र गौरवको विषय भएको बताउनुहुन्छ ।

"नयाँबसपार्कमा निःशुल्क इन्टरनेट सेवा जडान भएसँगै यात्रुले प्रविधिको प्रयोग गरेर बसको टिकट प्राप्त गर्न सक्नेछन्", उहाँ भन्नुहुन्छ । नयाँबसपार्कबाट हाल दैनिक ७०० देखि ८०० सार्वजनिक सवारीसाधन ओहोरदोहोर गर्दै आएका छन् । जसमा ४०० भन्दा बढी ठूला बस, १५० हाराहारीमा माइक्रोबस र २०० भन्दा बढी काठमाडौँ उपत्यकाभित्र चल्ने स्थानीय बस रहेका छन् ।

नयाँबसपार्क सञ्चालन गरेको लोत्से बहुउद्देश्यीय प्रालिका मानव संसाधन प्रमुख पङ्कज मल्ल नयाँबसपार्कबाट दैनिक १२ देखि १५ हजार यात्रुको आवतजावत हुने गरेको बताउनुहुन्छ । "सरकारले जडान गरेको निःशुल्क इन्टरनेट सेवा सबै यात्रुको पहुँच हुनुपर्छ, इन्टरनेट कम्पनी र यात्रुबीचको सहजीकरणका लागि लोत्सेले काम गर्नेछ । रासस

## विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको लाइफ इन्स्योरेन्स LIC नेपाल को विमा लेख मिति २०८२/०६/१५ गते सिन्धुलीबाट जनकपुर जाने क्रममा हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : प्रदिप कुमार साह सुडी**
**विमालेख नं.:१७००१६०३२**
**ठेगाना:दुधौली न.पा.-६, सिन्धुली**
**मो.नं.९८२०२३०११९**

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

**मेष :** कुनै हटाउन नसकिने परिस्थितिले केही अप्ठयारो पार्न सक्छ ।
**वृष :** धुम्रपान गर्न छोड्नुहोस्, यसले तपाई लाई स्वस्थ रहन मद्दत गर्न सक्छ ।
**मिथुन :** बच्चाहरुले तपाईलाई घरेलु काम पुरा गर्न मद्दत गर्नेछन् ।
**कर्कट :** तपाईको आकर्षण र व्यक्तित्वले केही नयाँ मित्र बनाउन मद्दत गर्नेछ ।
**सिंह :** तपाईको साँचो परिचय प्रस्तुत गर्नाले तपाईलाई राम्ररी जीत गर्न मद्दत गर्नेछ ।
**कन्या :** नयाँ परियोजनाहरु र योजना लागू गर्न राम्रो दिन छ ।
**तुला :** काममा मान्छेसंग काम गर्दा बुद्धि, धैर्य र सावधानी अपनाउनुहोस् ।
**वृश्चिक :** अरुलाई आफ्नो केही समय दिने राम्रो दिन छ
**धनु :** तपाई अरुको लागि बढी खर्च गर्न चाहनु हुनेछ ।
**मकर :** खर्चमा वृद्धि हुन्छ तर आयमा वृद्धि हुनाले तपाईलाई तिर्न सजिलो पर्नेछ ।
**कुम्भ:** बच्चाहरुसंग खेल्नाले तपाईलाई धैरे शान्तिको अनुभव हुनेछ ।
**मीन :** प्रेमले सकारात्मक चटक देखाउनेछ ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




होटेलमा नियुक्त गरिएका मधेश प्रदेश सरकारको नयाँ मुख्यमन्त्री सरोजकुमार यादव र प्रदेश प्रमुख सुमित्रा भण्डारीविरुद्ध वीरगञ्जका जेन-जी युवाहरूले गरे प्रदर्शन। *तस्बिर : टुडे*

# अख्तियारद्वारा आठ जनाविरुद्ध मुद्दा दायर

काठमाण्डु। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले डोल्पाको त्रिपुर ासुन्दरी नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित आठ जनाविरुद्ध आज विशेष अदालतमा आरोपपत्र दायर गरेको छ।




अयोगले त्रिपुरासुन्दरी नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत लालप्रसाद पोखरेल, तत्कालीन इन्जिनियर कर्णबहादुर कार्की, प्रशासकीय अधिकृत हिराचन्द्र धराला, शिक्षा अधिकृत भिमबहादुर थापा, बरिष्ठ लेखा सहायक रुपचन्द्र बुढा र एमआइयस अपरेटर हरिचन्द्र विष्टबिरुद्ध आरोपपत्र दायर गरेको हो। आर्थिक वर्ष २०७८/'७९ मा नगरपालिकाको वडा नं. ५ स्थित खदाङदेखि ल्हासम्मको मोटरबाटो स्तरोन्नति गर्ने क्रममा अनियमिता गरेको आरोपमा आरोपपत्र दायर गरिएको आयोगका आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेले बताउनुभयो।

उक्त आयोजनाको खरिद प्रक्रिया मूल्याङ्कनमा सङ्लग्न बोलपत्र मूल्याङ्कन समितिका सदस्य तथा आयोजनाका इञ्जिनियर शिशिरकुमार गुरुङ, दिव्यानिर्माण सेवा प्रालि दुनै डोल्पा र निर्माण कम्पनीका भीमराज न्यौपानेलाई समेत प्रतिवादी बनाइएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सबै आरोपितविरुद्ध जनही ५५ लाख ८९ हजार ६३ रुपैयाा छपैसा बिगो कायम गरिएको छ।रासस

# सिल्भर भोलेन्टियर कार्यक्रमका लागि ६५ जना छनोट

काठमाण्डु। काठमाडौं महानगरपालिकाले थालनी गर्न लागेको सिल्भर भोलेन्टियर कार्यक्रमका लागि ६५ जना छनोट हुनुभएको छ।

सहरी योजना आयोगका उपाध्यक्ष डा सुमननर सिंह राजभण्डारीका अनुसार सार्वजनिक सूचना आह्वान गरेपछि ११९ जना आवेदकले आवेदन दिनुभएको थियो। उहाँहरूमध्ये योग्यता पुगेका ५२ जना पुरुष र १३ जना महिला गरेर ६५ जना छानिनुभएको छ।

यसमा स्वास्थ्य (पब्लिक हेल्थ, मेडिकल हेल्थ, मनोविद् तथा मनोचिकित्सक, भेटनरी हेल्थ), शिक्षा, कृषि, पर्यटन, सूचना प्रविधि, सुरक्षा, वाणिज्य, भौगोलिक सूचना, इलेक्ट्रिकलगायत क्षेत्रका व्यक्तित्व हुनुहुन्छ।

कामपाको सिल्भर भोलेन्टिएर परिचालन कार्यविधि, २०७७ ले यस कार्यक्रममा काम गर्न केही योग्यता तोकेको थियो। जसअनुसार नेपाली नागरिक, प्रचलित कानुन बमोजम स्वीकृति लिएका गैरआवासीय नेपाली, प्रचलित कानुन बमोजिम स्वीकृति लिएका विदेशी नागरिकले यो कार्यक्रममार्फत स्वयंसेवा गर्न पाउनुहुन्छ।

यसमा ४५ वर्ष पूरा भई ७५ वर्ष ननाघेको हुनुपर्छ। सरकारी, निजी वा गैरसरकारी संस्थामा कम्तीमा २० वर्ष काम गरी विषयगत दक्षता हासिल गरेको हुनुपर्छ। एक वर्ष अवधिका लागि हप्ताको न्यूनतम ५ घण्टा सेवा दिन तयार हुनुपर्छ।शारीरिक र मानसिक रूपमा काम गर्न सक्षम हुनुपर्छ। स्वयंसेवा गर्न पूर्णरूपले तत्पर र इच्छुक हुनुपर्छ। फौजदारी अभियोगमा कसुरदार नठहरिएको र प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको व्यक्ति यस कार्यक्रमका लागि योग्यता हुन्।

**कार्यक्रमका क्षेत्र र सञ्चालन संयन्त्र**

भोलेन्टिएर परिचालनसँग सम्बन्धित कार्यक्रमको योजना, पहिचान, व्यवस्थापन, अनुगमन तथा नियन्त्रण गर्ने कार्यका लागि सहरी योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा समिति गठन हुने व्यवस्था छ। यसमा प्रमुखले तोकेको नगर कार्यपालिका सदस्य एक जना, सम्बन्धित क्षेत्रका विज्ञमध्येबाट एक जना महिलासहित दुई जना, आयोगका सदस्यहरूमध्येबाट उपाध्यक्षले तोकेको एक जना सदस्य रहने व्यवस्था छ। समितिमा सामाजिक विकास विभागका सदस्य पदेन सदस्य र आयोगको अधिकृत सदस्य-सचिव रहने व्यवस्था छ।

कामपाअन्तर्गत रहेका सामुदायिक शैक्षिक तथा स्वास्थ्य संस्था, सार्वजनिक स्थल तथा यातायात व्यवस्थापन, वातावरण व्यवस्थापन, सार्वजनिक सेवा सहजीकरण सिल्भर भोलिन्टियरका क्षेत्र हुन्। रासस

# इन्धन डिपो स्थानान्तरण प्रक्रिया अघि बढाउन माग

काठमाण्डु। घनाबस्तीको बीचमा रहेको नेपाल आयल निगमको धनगढीस्थित सुदूरपश्चिम प्रादेशिक डिपो तत्काल स्थानान्तरणको प्रक्रिया अघि बढाउन स्थानीयले दबाब दिएका छन्। उक्त डिपो स्थानान्तरणको प्रक्रिया तत्काल अघि बढाउन स्थानीयले प्रादेशिक प्रमुख हरिदत्त जोशीलाई ज्ञापनपत्र बुझाएका हुन्।

धनगढी उपमहानगरपालिका-३ चटकपुरस्थित डिपो स्थानान्तरणका लागि दुई वर्षदेखि काम भइरहेको भए पनि हालसम्म कुनै परिणाम नदेखिएपछि स्थानीय आन्दोलित भएका हुन्। शुभकामना टोल विकास संस्थाका अध्यक्ष दीर्घराज ओझाको नेतृत्वमा ज्ञापनपत्र बुझाउँदै स्थानीयले १५ दिनभित्र डिपो स्थानान्तरण प्रक्रिया अघि बढाउन माग गरेका छन्।

घनाबस्तीबीचमा रहेको डिपोका कारण सुरक्षा संवेदनशीलता बढेकाले तत्काल डिपो सार्न निगम व्यवस्थापन गम्भीर हुनुपर्ने स्थानीयको भनाइ छ।

"निगमको डिपोसँग जोडिएको वस्ती पूर्णरुपमा जोखिममा भएकाले डिपोलाई तत्काल स्थानान्तरण गरी आसपासका वस्तीमा त्रासमुक्त वातावरण निर्माण गर्न अनुरोध गर्दछौं", निगमलाई बुझाइएको ज्ञापनपत्रमा भनिएको छ, "स्थानीयको माग सम्बोधन नभएमा १५ दिनपछि सम्पूर्ण टोलवासी र निगमसँग जोडिएका व्यवसायी चरणबद्ध आन्दोलनमा जान बाध्य हुनेछौं।"




उक्त ज्ञापनपत्रका सम्बन्धमा कैलाली जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय तथा धनगढी उपमहानगरपालिकालाई जानकारी गराइएको टोल विकास संस्थाका अध्यक्ष ओझाले बताउनुभयो। शुभकामना टोलमा ८७ घरधुरीमा ५०० भन्दा बढी व्यक्तिको बसोबास रहेको छ।"दुई वर्षदेखि डिपो स्थानान्तरणको प्रक्रिया अघि बढेको भनिएको छ, तर अहिलेसम्म परिणाम आएको छैन", अध्यक्ष ओझाले भन्नुभयो, "तत्काल डिपो स्थानान्तरण गरेर स्थानीयलाई ढुक्कसँग बसोबास र पेसा व्यवसाय गर्न सक्ने अवस्था बनाउन आन्दोलनका कार्यक्रम अघि बढाउँदै छौं।"

पेट्रोलियम पदार्थ भण्डारण गरिएका ठूल्ठूला ट्यांक नजिकै भएको र डिपोबाट इन्धन लोडअनलोड भइरहँदा घरमा आगो बाल्न पनि डराउनुपर्ने अवस्था रहेको स्थानीयको गुनासो छ। केही वर्ष पहिले जङ्गल रहेको डिपो आसपास अहिले बाक्लो बस्ती छ। धनगढी-अत्तरिया सडक खण्डमा रहेको डिपो अगाडिबाट दैनिक हजारौं सवारीसाधन गुड्छन्। नजिकै धनगढी नेत्रालय, सिपी अस्पतालसहित अन्य स्वास्थ्य संस्था, विद्यालय र व्यापारिक भवन छन्।"कतिबेला के हुन्छ भन्न सकिन्न। डिपोका कारण सधैंको चिन्ता', ओझाले भन्नुभयो, "स्थानीयले ढुक्कका साथ जीवनयापन गर्न सकेका छैनन्, घरमा आगो बाल्न पनि डराउनुपर्ने अवस्था छ।"

**डिपो स्थानान्तरणका लागि उपयुक्त जग्गाको खोजीमा निगम**

स्थानीय र सरोकारवालाको दबाबपछि निगमले यसअघि नै धनगढीको डिपो स्थानान्तरण गर्ने योजना बनाएको थियो। सुदूरपश्चिम प्रादेशिक डिपो स्थानान्तरणका लागि उपयुक्त जग्गाको खोजी भइरहेको निगमले स्पष्ट पारेको छ।निगमका कार्यकारी निर्देशक डा चण्डिकाप्रसाद भट्टले जग्गा पहिचानको काम भइरहेको र उपयुक्त जग्गा भेट्टिनेबित्तिकै स्थानान्तरणको प्रक्रिया अघि बढ्ने बताउनुभयो। "उपयुक्त जग्गा नै प्राप्ति हुन सकेको छैन, चार-पाँच स्थानमा जग्गा खोजी भइरहेको छ। पारदर्शी र मितव्ययी ढङ्गले डिपो स्थानान्तरणको जग्गा खोजी भइरहेको छ", उहाँले भन्नुभयो।

हाल धनगढीस्थित डिपो थोरै जग्गामा बनेको हुँदा अन्य संरचना निर्माण गर्न सम्भव नरहेको तथा दैनिक कार्य सञ्चालनसमेत विभिन्न कठिनाइ भोग्नुपरेको प्रादेशिक प्रमुख जोशी बताउनुहुन्छ। अहिले डिपो रहेको जग्गा साँघुरो भएकाले भण्डारण क्षमता वृद्धि गर्न तथा ट्याङ्करमा लोडअनलोड गर्न पनि समस्या भइरहेको उहाँको बताउनुभयो। सरकारले हरेक प्रदेशमा कम्तीमा ९० दिनको माग धान्नसक्ने पेट्रोलियम भण्डारण गृह निर्माण गर्ने योजना बनाएको छ। सोहीअनुसार सबै प्रदेशमा भण्डारण क्षमता अभिवृद्धिका काम अघि बढेका छन्। अहिलेको भण्डारण क्षमताले सुदूरपश्चिम प्रदेशको एक साताको माग पनि धान्न नसक्ने बताइएको छ।

एक बिघा आठ कठ्ठामा फैलिएको उक्त डिपोमा अहिले डिजेल भण्डारणका लागि सात सय ६० किलोलिटरका दुई वटा भर्टिकल ट्याङ्क र ७० किलोलिटरको भूमिगत ट्याङ्क तथा पेट्रोल भण्डारणका लागि ७६० किलोलिटरको एक भर्टिकल ट्याङ्क र ७० किलोलिटरको भूमिगत ट्याङ्कसहितको संरचना छन्। धनगढी डिपोले सुदूरपश्चिम प्रदेशका कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी, दार्चुला, बझाङ, डोटी, अछाम र बाजुरा जिल्लामा पेट्रोलियम पदार्थ आपूर्ति गर्दै आएको छ।विसं २०३७ मा स्थापना भएको सो डिपो अन्य प्रादेशिक डिपोको तुलनामा कम क्षेत्रफलमा सञ्चालनमा छ। उक्त डिपोबाट अहिले दैनिक १०० किलोलिटर पेट्रोल, ३०० किलोलिटर डिजेल तथा न्यूनमात्रामा मट्टितेल बिक्री हुँदै आएको छ।रासस

# 'अपाङ्गता भएका महिलाहरूलाई सहजरूपमा न्याय दिन न्यायिक निकायको व्यवहार बदलिनुपर्छ'

काठमाण्डु। अपाङ्गता भएका महिलाहरूको न्यायको पहुँचलाई सहज बनाउन न्यायिक निकायहरूले सहयोगी र भेदभावरहित व्यवहार गर्नुपर्ने एक अध्ययन प्रतिवेदनले देखाएको छ।

'एक्सेस प्लानेट'द्वारा अनुसन्धान गरिएको 'किनाराका आवाजहरू : नेपालमा अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचको स्थिति अनुसन्धान' मा २०० सहभागीमध्ये ९५ जनाले न्यायिक निकायहरूले सहयोगी र भेदभावरहित व्यवहार गर्नुपर्ने र ती निकायहरू भौतिक रूपमा पहुँचयुक्त हुनुपर्नेमा जोड दिएको छ।गण्डकी, कर्णाली, कोशी र मधेश गरी चारवटा प्रदेशमामा गरिएको अध्ययनले अपाङ्गता भएका महिलाहरूको न्याय प्रणालीमा पहुँचको सम्बन्धमा रहेका अनुभवको खोजी गरेको छ।

सोमबार राष्ट्रिय महिला आयोगको आयोजना र 'एक्सेस प्लानेट'को व्यवस्थापन तथा सहकार्यमा 'अपाङ्गता भएका किशोरी र महिलामैत्री न्याय प्रवर्द्धनमा सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया' मा मुख्य अनुसन्धान परामर्शदाता डा नीति अर्याल खनालले अपाङ्गता भएका महिलाको न्यायिक पहुँचको स्थिति हेर्दा जटिल देखिएको र न्यायिक निकायको पहुँचको वातावरण बढाउनुपर्ने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "अपाङ्गता भएका महिलाले न्यायिक प्रक्रियामा समान हिसाबले सहभागी हुन पाउनुपर्छ। नेपालको न्याय, संरचना, सेवा, नीति सबै सपाङ्ग व्यक्तिको अनुभवको आधारमा बनाइएको छ। अपाङ्गता भएकाहरूको अनुभवको आधार र आवश्यकता नै बिना ती निर्माण गरिएको छ। त्यसलाई ट्रान्सफर्म गर्न धेरै काम गर्नुपर्ने देखिन्छ।"

अध्ययन प्रतिवेदनले एक चौथाइभन्दा बढी (२७.५) प्रतिशत सहभागीहरूलाई न्याय प्रणालीको कुनै पनि सेवाबारे ज्ञान नभएको देखाएको छ। यसैगरी चारवटै प्रदेशका सहभागीमध्ये अधिकांश (१५८) जनाले जीवनमा हिंसा भोगेको बताएका छन्। हिंसा भोगेको बताउने सहभागीले आफूले भोगेको अन्यायका लागि न्याय नखोजेको बताएका छन्। केवल ३६ प्रतिशत




महिलाहरूले मात्र न्याय खोजेका छन्।अध्ययनले अपाङ्गता परिचयपत्र वितरण सजिलो र प्रभावकारी बनाउने, नीति कार्यान्वयन र पैरवी प्रभावलाई सुदृढ बनाउने एवं अपाङ्गता समावेश सुरक्षित आवासगृहमा लगानी गर्नमा बढी जोड दिनुपर्ने सिफारिस गरेको छ।

एक्सेस प्लानेटकी कार्यकारी निर्देशक लक्ष्मी नेपालले अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राख्छौं भन्ने तर उनीहरूबारे पर्याप्त मात्रामा अध्ययन नै हुन नसकेको धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "तथ्याङ्क नै छैन भने उनीहरूका लागि कसरी काम गर्ने त? अपाङ्गताको विविधिताको बुझाइबारे पनि सरोकारवाला निकायहरूलाई नै संवेदनशील बनाउन आवश्यक देखिन्छ।"कार्यक्रममा सहभागीहरूले अपाङ्गता भएका व्यक्तिहरू विभेदीकरणको सिकार भइरहेको र न्यायम सहज पहुँच स्थापित हुन नसकेको धारणा व्यक्त गर्नुभयो।रासस


## रामगोपालपुर नगरपालिका
### नगर कार्यापालिकाको कार्यालय
### रामगोपालपुर, महोत्तरी
**मधेश प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृतका लागि आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०७/२५)

यस कार्यालयबाट मिति २०८२/०५/२३ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको बोलपत्रको लागि तपसिलमा उल्लेखित न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका बोलपत्रदाताको बोलपत्र स्वीकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन , २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of Work | Bidder's Name | Bidding Amount (with VAT and PS) |
|---|---|---|---|---|
| 1 | NCB/WORKS/SPS/ RGPMUN/082/83-01 | Sautiniya Pokhari Saundaryakaran, Ramgopalpur-3 | MC-LC JV Janakpur-16 | 1,13,56,332.88 |

**प्रमुख प्रशासकीय अधिकृत**



## गणेशमान चारनाथ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बिरेन्द्रबजार, धनुषा
**मधेश प्रदेश, नेपाल**

## प्रारम्भिक वातावरणीय परिक्षण (IEE) मस्यौदाप्रतिवेदन सम्बन्धि सार्बजनिक सुचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२५ गते)


यस नगरपालिकाले निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागेकोमा सो प्रस्ताव कार्यान्वयन गर्नु अघि उक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination–IEE) अध्ययन गर्ने सिलसिलामा प्रस्ताव कार्यान्वयन गर्दा प्रस्तावित हुने क्षेत्रहरुको भौतिक, जैविक, रसायनिक, साँस्कृतिक र आर्थिक तथा सामाजिक प्रणाली यिनका आवश्यकहरु अन्तरक्रिया तथा अन्र्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न उक्त प्रस्ताव प्रभावित क्षेत्रमा पर्ने वडा तथा त्यस क्षेत्रका विद्यालय अस्पताल स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संघसस्थाको लिखित रायसुझव लिन वातावरण संरक्षण नियमावली २०७० को नियम ७ उपनियम २ बमोजिम सुचना प्रस्तावित गरिएकोले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी वा ई-मेल मार्फत रायसुझाव उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ। उक्त प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को मस्यौदाप्रतिवेदन यस कार्यालयको वेव-साइट http://www.ganeshmancharnathmun.gov.np मा उपलब्ध रहेको व्यहोरा जानकारीको लागि अनुरोध गरीन्छ।

| प्रस्तावको नामः- | परार्मश दाताको नाम :- |
|---|---|
| कमला नदीको व्यारेज देखि उत्तर तर्फको क्षेत्रबाट दिगो एवं ब्यवस्थित रुपमा नदी जन्य पदार्थ ढुङ्गा, गिट्टी र बालुवा सङ्कलन एवं उत्खनन गरि विक्री वितरण गर्नको लागिप्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन, २०८२/०८३ | श्री प्रकृति संरक्षणको लागि स्थानीय पहल-नेपाल बिरगंज-१६, पर्सा<br>मो. नं.- +९७७-९८१२५९४८९० |

प्रस्तावकको नाम तथा राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| गणेशमान चारनाथ नगरपालिकका<br>नगर कार्यपालिकाको कार्यालय<br>ठेगाना : विरेन्द्रबजारबजार, धनुषा<br>इमेल : ganeshmancharnath@gmail.com | कर्जन्हा नगरपालिकका<br>नगर कार्यपालिकाको कार्यालय<br>ठेगाना :कर्जन्हा सिरहा<br>इमेल : karjanhamun@gmail.com |

**प्रमुख प्रशासकीय अधिकृत**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अनिश्चितताको भूमरीमा मधेश

मधेश प्रदेशको राजनीति तीव्रगतिमा ध्रुवीकरण भएसंगै अनिश्चितताको भूमरीमा रुमलिएको छ। जनमत पार्टीबाट बनेका तत्कालीन मुख्यमन्त्री सतीशकुमार सिंहले संवैधानिक अधिकारको दुरुपयोग गर्दै अन्तिम समयमा आएर प्रदेशसभाबाट राजीनामा दिएपछि अहिलेसम्म पनि त्यसको असरको पराकम्प हुने क्रम जारी नै छ। स्वार्थका लागि हुने गरेको राजनीतिका कारण मधेश प्रदेशले संघीयताको प्राणको रुपमा रहेको जति दाबी गरे पनि त्यसको व्यवहारिक पक्ष भने त्यति नै कमजोर र नियतवश रहेको निरन्तरताले पुष्टि गर्दै आएको छ। पूर्वमुख्यमन्त्री सतीशकुमार सिंह पछि लोकतान्त्रिक समाजवादी पार्टी नेपालबाट मुख्यमन्त्री बनेका जितेन्द्रप्रसाद सोनलले पनि प्रदेशसभामा विश्वासको मत लिने वातावरण नपाउँदै सभामुखको अदूरदर्शी कार्यशैली र माओवादीको अपरिपक्वताको शिकार हुन पुगे। माओवादी भित्रको अन्तरद्वन्द्वलाई नकेलाइ माओवादीले समेत गरेको निर्णय आफैमा पनि गम्भीर प्रकारको रहेको भन्ने विभिन्न घटनाक्रमले देखाएको छ। विगतमा माओवादीमा बहुमतीय सांसदले कारबाही गरेका पात्रलाई नै पुनः पार्टीले संसदीय दलको नेता बनाएपछि मधेशमा संसदीय दलभित्र असन्तुष्टि चुलिएको दुष्परिणाम हो। प्रदेशसभामा आफैले एक सांसदले आफ्नै अनुहारमा कालो रंग दलेर सांसद र संसद भवनलाई समेत लज्जास्पद बनाएपछि माओवादीभित्रको आन्तरिक किचलो पोख्ने थलोको रुपमा प्रदेशसभा परिणत भएको छ। यसको तत्कालीन असर र प्रभाव नदेखिए पनि दीर्घकालीन रुपमा भने यसको गम्भीर अर्थ र असरको परिणाम आउनबाट संसदीय दलहरुले यसको समीक्षा गर्नै पर्नै आवश्यकता छ। यो घटना एउटा पार्टीभित्रबाट सार्वजनिक भएको तुष रहे पनि यो अन्य पार्टीमा पनि छ। यसको समाधान तत्कालै सबै दलले गर्नुपर्ने हुन्छ। संसदीय व्यवस्थामा संसदीय दलको निकै महत्व र सो महत्वको गहनाको रुपमा सदन नै हो। यहाँ जनताको भावना, आकांक्षा, समस्या र समाधानका लागि कानुन निर्माण गर्ने थलो मात्र नभइ यहाँ सबै प्रकारका छलफल, विचार विमर्श, नीति निर्माण र अवस्थाको आवश्यकता अनुसार भाग्यरेखा कोर्ने मार्गचित्र रहेको भन्ने कुरा सबैले हेक्का राख्नै पर्ने हुन्छ। यसका लागि व्यक्ति विशेष र सामूहिक अर्थात दल तथा दलीय व्यवस्थाका सुन्दर पक्ष पनि हो। त्यसैले संसद बन्दा संसद र सदनको भूमिकाबारे स्पष्ट ज्ञान हुनुपर्छ। अहिले मधेश प्रदेशको राजनीतिमा देखिएको समस्या पनि यही नै हो। सत्ता र सरकारका लागि जस्तोसुकै अवस्थामा पनि दल र नेताहरुले अपनाउने शैली व्यवहारका कारणले आमजन निराश छन्। यी दलहरुबाट जनताका आधारभूत समस्या समाधानभन्दा पनि बजेट, ठेक्कापट्टा, कार्यकर्ता तथा नातागोता पालनपोषण र परिवारवादलाई नै मुख्य राजनीतिको केन्द्र बनाएपछि सबै दलको इतिहासमाथि नै प्रश्नचिन्ह खडा भएको छ।

# माओवादी विभाजनको अन्तर्य र नयाँ ध्रुवीकरणको आवश्यकता



शरद रिजाल

नेपालको राजनीतिक इतिहासमा लामो सशस्त्र संघर्षबाट स्थापित भएको दल तत्कालीन नेकपा( माओवादी) अहिले अनेकौं घटकमा विभाजित भएको छ। त्यसकै प्रमुख घटक माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मार्गदर्शक सिद्धान्त माओवाद र जनयुद्धकालीन विरासत परित्याग गर्दै एकीकृत समाजवादीमा समाहित भएपछि फेरि दुई शीर्ष नेता बाहिरिएका छन्। यसले विगतदेखिका विभाजन र त्यसको अन्तर्यबारे बहस सुरु भएको छ।

निवर्तमान उपमहासचिव जनार्दन शर्मा र सचिव राम कार्कीले एकीकृत समाजवादीमा समाहित हुने प्रचण्डको निर्णयमाथि प्रश्न उठाउँदै अलग भएर 'प्रगतिशील अभियान, नेपाल' सुरु गरेका छन्। यद्यपि, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड भने विभाजनको असर परिपूर्ति गर्दै आफ्नो नेतृत्वमाथिको संकट टार्न एकीकृत समाजवादीमा समाहित हुँदै अस्तित्व रक्षाको प्रयत्नमै छन्।

प्रचण्ड नेतृत्वको तत्कालीन नेकपा(माओवादी ) बाट विभाजित भएर मोहन वैद्य किरण बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी(नयाँ शक्ति), नेत्रविक्रम चन्द नेतृत्वको नेकपा, धर्मेन्द्र बास्तोलको नेकपा(बहुमत) लगायत छन्। यी माओवादीका घटकहरु समयक्रममा एकता र विभाजनको यात्रा तय गर्दै आजको अवस्थामा आइपुगेका हुन्। २००६ सालमा स्थापित नेपालको कम्युनिष्ट आन्दोलनका मुख्यतया दुई धार नै अहिले बलशाली छन्। झापा विद्रोहबाट माले हुँदै एमाले बनेको कम्युनिष्ट कोअर्डिनेशन केन्द्र वाला धार र अर्को चौथो महाधिवेशन(चौम)वाला धार। झापा विद्रोहवालाहरु माले हुँदै आजको एमाले र चौम वालाहरु मसाल र माओवादीसम्म रहेका छन्। त्यही चौम धारकै माओवादी विभाजित भएर फेरि माथि उल्लेखित अनेकौं समूह पनि अहिले सक्रिय छन्।

हालको एमालेको उदय नेपालको कम्युनिष्ट आन्दोलनकै एक घटकले २०२८ सालमा गरेको झापा विद्रोहबाट भयो भने चौम धारको उदय पनि २०२८ सालमा कम्युनिष्ट न्युक्लियसको नाममा संगठित हुँदै आजको माओवादी र मसालसम्म आइपुगेको हो। त्यही चौम धारकै एक घटकले नेपालको राजनीतिक इतिहासमै पलिोपटक चिनियाँ नेता माओत्सेतुङको आर्दश पछ्याएर नेकपा(माओवादी) गठन गर्दै दीर्घकालीन जनयुद्ध सुरु गरेको थियो। २०५२ सालबाट जनयुद्धको थालनी गरेर एउटा उचाई हासिल गर्दै ६२/६३मा शान्तिपूर्ण राजनीतिमा अवतरण गरेपछि माओवादीमा विभाजनको श्रृंखला सुरु भयो। र, अहिले पनि विभाजन र पूर्ववर्त माले धारकै एक समूहसँग एकताकै चरणबाटै गुज्रेको छ।

करिब चार दशकदेखि पार्टी नेतृत्वमा रहेका प्रचण्ड अहिले पनि पूर्ववत पार्टीकै मुख्य घटकको नेतृत्वमा रहँदै माधव नेपालसँगको एकतापछि पनि संयोजकको भूमिकासहित नेतृत्वमै दाहोरिएका छन्। उनैलाई साथ दिएर राज्यसत्ता विरुद्ध जेहाद छेड्दै चुनौती दिने अवस्थामा पुर्याएका उनका सहयात्री जनार्दन शर्मा र राम कार्की भने सँगै जान सकेनन्। मृत्यु या मुक्तिको शपथ खाएर युद्धमा हिंडेका प्रचण्डका मुख्य सहकर्मी किन प्रचण्डसँग रहन सकेनन्? उनीहरु अलग हुन किन बाध्य भए? यसको पृष्ठभूमि कसरी निर्माण भयो? हिजो राज्य विरुद्धको विद्रोहमा साथमै रहेका नेताहरु शान्तिपूर्ण राजनीतिमा आउँदा अलग हुनुका अन्तर्यहरु यस आलेखमा खोतल्ने प्रयत्न गरिएको छ।

करिब चार दशकदेखि पार्टी नेतृत्वमा रहेका प्रचण्ड अहिले पनि पूर्ववत पार्टीकै मुख्य घटकको नेतृत्वमा रहँदै माधव नेपालसँगको एकतापछि पनि संयोजकको भूमिकासहित नेतृत्वमै दाहोरिएका छन्। उनैलाई साथ दिएर राज्यसत्ता विरुद्ध जेहाद छेड्दै चुनौती दिने अवस्थामा पुर्याएका उनका सहयात्री जनार्दन शर्मा र राम कार्की भने सँगै जान सकेनन्।

त्यसका लागि सुरुमा माओवादी जनयुद्धको आधार तयार कसरी भयो भन्ने विषयमा चर्चा गर्न जरुरी छ। फरक पृष्ठभूमि र अलग व्यक्तित्वको संयोजनले नै माओवादी जनयुद्धले छोटो समयमै उल्लेख्य सफलता हासिल गरेको थियो।माओवादी आन्दोलनका हस्तीहरु प्रचण्ड, मोहन वैद्य किरण, बाबुराम भट्टराई, रामबहादुर थापा बादल, चन्द्रप्रकाश गजुरेल(सिपी) लगायतका नेताहरुको संयुक्त पहलकदमीबाट नै माओवादीले २०५२ साल फागुन १ गतेबाट जनयुद्ध सुरु गरेको थियो।

यिनै शीर्ष नेताहरुका आआफ्नै व्यक्तित्व र विशेषताले माओवादी जनयुद्धले निकै छोटो समयमा नै उच्चतम सफलता प्राप्त गरेको थियो। प्रचण्ड गतिशील( चातुर्यता), बादल सैन्य विज्ञानका ज्ञाता, वैद्य दार्शनिक एवं विचारक र बाबुराम विद्धान एवं राष्ट्रिय अन्तर्राष्ट्रिय छवि भएकाहरुको संयोजनले नै माओवादीमा आकर्षण बढाएको थियो। आधारभूत तहका जनता यिनै नेताहरुको संयोजनले इमान्दारिपूर्वक युद्धमा सहयोग र सहभागिता जनाएका थिए।

माओवादी जनयुद्धले अनेकौं आरोह अवरोह पार गर्दै अघि बढेको थियो। माओवादी नेताहरुकै भाषामा रक्षा, सन्तुलन र प्रत्याक्रमणको चरणमा प्रवेश गर्यो। यही क्रममा तत्कालीन सात संसदवादी दलसँग १२ बुँदे सहमति भएर नेपालको राजनीति अर्कै परिवेशमा परिणत हुन पुग्यो। अर्थात यहीबाट माओवादी आन्दोलन आफ्नो निर्दिष्ट लक्ष्यबाट नयाँ स्थानमा अवतरित भयो।

त्यसो त जनयुद्ध सुरु भएकै पाँचवर्ष पछि नै माओवादी आफ्नो लक्ष्यबाट विमुख भएको आरोप पनि लगाइन्छ। २०५७ को दोस्रो राष्ट्रिय सम्मेलनमै माओवादीले नयाँ जनवादी क्रान्ति छाडेर गोलमेच सम्मेलन, अन्तरिम सरकार संविधानसभाको एजेण्डा अघि सारेको थियो। तर, त्यो तत्कालीन कार्यनीति भएको माओवादी नेताहरु बताउँछन्। मूलभूतरुपमा निर्दिष्ट लक्ष्यमै केन्द्रित रहेर तत्कालीन राजनीतिक परिवेश अनुरुप उक्त एजेण्डा अघि सारिएको नेताहरुको जिकिर छ।



यद्यपि, त्यसपछि विकसित भएका राजनीतिक घटनाक्रममा भने माओवादी नेतृत्वले आफ्नो घोषित लक्ष्यबाट विमुख हुनेगरी तत्कालीन सत्ता पक्षसँग सहमति गरेको थियो। माओवादी आन्दोलन उत्कर्षमा पुग्दै गर्दा शक्ति सन्तुलनको दृष्टिले आन्तरिक र बाह्य प्रभाव बढेपछि स्वभावतः अनेकौं शक्ति केन्द्रले आफ्नो अनुकुलतामा प्रयोग गर्न खोजेको पनि तत्कालीन घटनाक्रमहरुबाट प्रष्ट हुन्छ।

माओवादीको दोस्रो राष्ट्रिय सम्मेलनमै नेतृत्वको केन्द्रीकरणका नाममा पार्टीको सम्पूर्ण प्राधिकार प्रचण्डमा निहित गरिन्छ। र, यसले नै पार्टीमा विवाद र अन्तरसंघर्षको बिजारोपण गरेको छ। यसमा सिपी गजुरेल र बाबुराम भट्टराईले केही असहमतिसहित समर्थन जनाएका छन्। पार्टीको सम्पूर्ण प्राधिकार आफूमा निहीत गरेपछि त्यसयता प्रचण्ड, बाबुराम र वैद्यबीच अन्तरसंघर्ष कहिले मन्द र कहिले उग्ररुपमा हुँदै आएको छ। जनयुद्धको प्रारम्भिक चरणमा रामबहादुर थापा बादल र प्रचण्डको बीचमा टकराव केही बढेको छ। तर, जनयुद्धको उचाइ बढ्दै जाँदा अन्तरसंघर्ष वैद्य, बाबुराम र प्रचण्डकै वरिपरि त्रिपक्षीयरुपमै केन्द्रित भएको छ।

जनयुद्धको उत्तरार्धमा बाबुराम-प्रचण्डको बीचमा मुख्य मतभेद लोकतान्त्रिक गणतन्त्र कि दरबारसँग सहकार्य भन्ने विषयमा नै केन्द्रित छ। अर्थात आजको लोकतात्रिक गणतन्त्रमा आउने या तत्कालीन राजा ज्ञानेन्द्र र सेनासँग मिलेर सत्ता हत्याउने विषयमा यी दुईको टसल जनयुद्धको उचाई बढ्दै जाँदा त्यो सँगसँगै निकै बढेको छ। यही क्रममा अर्का शीर्ष नेता मोहन वैद्यको भारतमा गिरफ्तारीले प्रचण्ड बाबुरामको तिक्तता झनै बढेर एकले अर्काप्रति शत्रुतापूर्ण व्यवहार समेत भएको छ। बाबुरामपक्षीय नेताहरुलाई कारबाही गर्नेदेखि यातना समेत त्यसक्रममा दिइएको छ।प्रचण्ड पक्षले वैद्यको गिरफ्तारीमा बाबुराम पक्षको हात रहेको आरोप लगाउँदै केहीलाई निलम्बन गर्दै कतिपयलाई श्रम शिविरमा यातना समेत दिएको छ। तत्कालीन बाबुरामपक्षीय नेता देवेन्द्र पौडेलको निलम्बन र अर्का देवेन्द्र पराजुलीलाई शारिरिक यातना त्यसको उदाहरण हो। अहिले दुबै प्रचण्डसँगै छन्। दोस्रो राष्ट्रिय सम्मेलनमा सुरु भएको अन्तरसंघर्षको उच्चतम रुप २०६१ को रोल्पाको फुन्टीवाङ बैठक र त्यसपछिको रुकुममा बसेको लाबाङ बैठकमा बाबुरामसहित उनी पक्षीय नेताहरुलाई प्रचण्ड पक्षले कारबाही गरेर देखाएको छ। यसरी बाबुराम र उनी पक्षीय नेताहरुलाई कारबाही गर्ने स्थिति प्रचण्डको तत्कालीन राजासँग सहकार्य गर्ने प्रस्तावप्रति बाबुरामकै असहमतिले निम्तिएको हो। तत्कालीन राजा ज्ञानेन्द्रले २०६१ असोज १८ मा संसद विघटन गरेपछि राजासँग मिलेर प्रचण्ड सत्ता हत्याउन चाहेका थिए। उनले यो प्रस्ताव बाबुराम समक्ष पनि राखेका थिए। तर बाबुरामले ठाडै अस्वीकार गरेपछि उनी कारबाही गर्नेसम्मको मनस्थितिमा पुगेका हुन्।

माओवादी निकट जानकार स्रोतका अनुसार त्यतिबेला दरबारले बाबुरामलाई कारबाही गरेपछि मात्रै सत्ता सहकार्य सुरु हुने सन्देश प्रचण्डलाई पठाएपछि उनले कारबाही गर्ने निर्णय लिएका थिए।

यसरी प्रचण्ड बाबुरामको कटुता निकै बढेकै बेला रुकुमको खारास्थित तत्कालीन शाही सेनाको सैन्य क्याम्पमा प्रचण्डकै जोडबलमा हमला गरिएको थियो। र, त्यस आक्रमणमा माओवादी पक्षकै ठूलै क्षति हुन पुग्यो। पटक पटक असफल हुँदा पनि त्यहाँ आक्रमण गर्नुको उद्देश्य माओवादी लडाकुको मनोविज्ञान पूर्णतया पराजित गराएर प्रचण्ड शान्ति प्रक्रियामा अघि बढ्न चाहेका थिए।

यता, राष्ट्रिय, अन्तर्राष्ट्रिय राजनीति पनि अर्कै स्थानमा पुगेको थियो। माओवादीसँग वार्ता गर्ने सन्देश पठाएका राजा ज्ञानेन्द्र स्वयंमले नै सत्ता आफ्नो हातमा लिएका थिए। यसले राजाबाट धोका भएको बुझ्रेर प्रचण्ड अन्ततः बाबुरामको लाइन अनुरुप सात दलसँग सहकार्य गरेर लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गर्न तयार हुँदै १२ बुँदे सहमतिको तारतम्य मिलाउन लागे। त्यसका लागि माओवादी वृत्तमा ऐतिहासिक भनिने चुनवाङ बैठक बसी बाबुरामको कारबाही फुकुवा गर्दै उनलाई सात राजनीतिक दलसँग सहकार्य गर्ने जिम्मा दिएर दिल्ली पठाइयो।

यसक्रममा भएका राष्ट्रिय राजनीतिका अनेकौं घटनाक्रम र पार्टीको आन्तरिक राजनीतिबाट वैद्य पूर्णतया अनविज्ञ थिए, भारतीय जेलमा रहेका उनी जानकारी पाए पनि केही गर्न सक्ने अवस्थामा थिएनन्। उनको गिरफ्तारीलाई पनि माओवादीभित्र रहस्यमय परिघटनाका रुपमा चित्रण गरिन्छ। यद्यपि, यसको यथार्थता अझै पुष्टि हुन सकेको छैन।

त्यसयता १२ बुँदेको जगमा २०६२/६३ को जनआन्दोलन सफल भयो र राजा संसद पुनर्स्थापना गर्न बाध्य भए। माओवादी पनि विस्तृत शान्तिसम्झौता गर्दै औपचारिक रुपमा शान्ति प्रक्रियामा प्रवेश गर्न पुग्यो। यहीबीचमा भारतीय जेलबाट वैद्य छुटे। उनले शान्तिप्रक्रियामा प्रवेशको प्रस्थानविन्दुका रुपमा रहेको चुनवाङ बैठकको विरोध गरे। त्यसपछि माओवादीमा पेचिलो ढंगले प्रचण्ड र वैद्यका बीचमा अन्तरसंघर्ष सुरु भयो। अन्ततः २०६९ मा वैद्य विभाजित भएर प्रचण्ड-बाबुरामबाट अलग हुन पुगे। यसरी माओवादीको मूलधारबाट प्रचण्डलाई नेतृत्व सुम्पिएका वैद्यको बहिर्गमन भयो। वैद्यको मूल असहमति संसदीय राजनीतिमा प्रवेशप्रति नै थियो।

अहिले पनि उनी आफ्नो पूर्ववत अडानमा अडिग छन्। भलै, उनीसँग विभाजित भएर गएका अधिकांश नेताहरु प्रचण्ड नेतृत्वकै माओवादीमा फर्किए पनि वैद्य भने सानो समूहको नेतृत्व गर्दै संसदीय व्यवस्थाको विरोध गर्दै आएका थिए। पछिल्लो समय स्वास्थ्य अवस्थामा समस्या आएपछि पार्टी महासचिवको जिम्मा अर्का नेता सिपी गजुरेललाई सुम्पिएका छन्।

यसरी युद्धरत माओवादी शान्तिप्रक्रियामा आउने निर्णय अर्थात लोकतान्त्रिक गणतन्त्रमा प्रवेशको प्रस्थानबिन्दुका रुपमा रहेको चुनवाङ बैठकमै असहमति जनाएका वैद्य प्रचण्डसँग अहिले पनि रुष्ट छन्। उनले त्यहीबाट जनयुद्धमाथि धोकाधडी भएको बताउँदै आएका छन्।

अर्का शीर्ष नेता बाबुरामको विभाजन भने अलि फरक छ। उनी संविधान सभाबाट २०७२ मा नयाँ संविधान जारी भइसकेपछि अलग भएका हुन्। माओवादी विभाजनमा वैद्य र बाबुरामको विभाजन नितान्त विपरीत दिशामा पुगेको छ। वैद्य प्रचण्ड क्रान्तिबाट विमुख भएर संसदीय राजनीतिमा अवतरण गरेकोमा असन्तुष्ट भएर अलग भए भने बाबुराम क्रान्तिको एक चरण सम्पन्न भइसकेको घोषणा गरेर बाहिरिए।

अहिले बाबुराम माओवादीले आफ्नो निर्दिष्ट दायित्व बहन गरिसकेकाले त्यसको उपादेयता सकिएको बताउँदै कम्युनिष्ट आन्दोलनले बाँकी कार्यभार पूरा गर्न नसक्ने निष्कर्षमा पुगेका छन्। अब समृद्धि र विकासको युग सुरु भएकाले त्यसको नेतृत्व पुरातन कम्युनिष्ट पार्टीले वहन गर्न नसक्ने निचोडमा उनी पुगेका छन्। त्यसैले उनी गैरकम्युनिष्ट दल गठन गरेर वैकल्पिक राजनीतिक अभियानमा लागेका छन्। यता, बैद्य भने अझै पनि क्रान्ति अपूर्ण भएको बताउँदै त्यसकै तयारीमा लागेको दाबी गर्छन्।

यसरी संविधान निर्माण पछि माओवादी दुई विपरीत धारमा विभाजित हुन पुग्यो। बैद्य, प्रचण्ड विप्लव लगायतका दलहरु आफूलाई कम्युनिष्ट भन्न रुचाउने गर्छन् भने बाबुराम त्यसभन्दा अलगै वैकल्पिक धार निर्माणको अभ्यास गरिरहेका छन्। तसर्थ, बाबुराम प्रचण्डको पुनर्मिलन राजनीतिक विचारधाराको दृष्टिले दुई विपरीत ध्रुवमा पुगेको छ। अर्का विप्लव पनि विभाजित भएको वैद्य नेतृत्वको दलबाटै नयाँ संसदीय व्यवस्था विरुद्ध क्रान्ति गर्ने भन्दै बाहिरिएका थिए। उनी अहिले कृषि कर्म हुँदै संसदीय राजनीतितर्फ मोडिएर दल दर्तातर्फ लागेका छन्।

बाबुराम भने वैचारिक रुपमै पुरातन कम्युनिष्ट आवरणबाटै बाहिरिएर परम्परागत विरोधाभाषबाट मुक्त हुँदै राजनीतिक मार्ग नै परिवर्तन गरेर वैकल्पिक राजनीतिको प्रयोगमै क्रियाशील छन्। तर प्रचण्ड भने कम्युनिष्ट आवरणमै संसदीय राजनीतिकै असली खेलाडीमा परिणत भएर आफ्नो नेतृत्व रक्षाका लागि माधव नेपालको दलसँग समाहित भएर 'नेपाली कम्युनिष्ट पार्टी' बनाएका छन्। उनले मुखमा समाजवादको मन्त्र जपे पनि यही संसदीय व्यवस्थाको परम्परागत विरासतभन्दा दायाँबायाँ हुन चाहँदैनन्, यसमै रमाएका छन्।

वैद्य यो व्यवस्था नै मान्दैनन्, भने विप्लव संसदीय चुनावको तयारीमै अघि बढेका छन्। बादल एमाले बनेर जनयुद्धलाई हिंसा देख्न थालेका छन्। यसरी माओवादी आन्दोलन जनयुद्धमार्फत उदय र शान्ति प्रक्रिया पश्चात पतनोन्मुख विभाजनका श्रृंखला पार गर्दै आजको अवस्थामा आइपुगेको छ। यहाँनेर स्मरणिय के छ भने माओवादीले जनयुद्ध सुरु गर्नु अगावै २०४८ सालको आम निर्वाचनपछि तेस्रो दलको रुपमा संसदमा रहेको थियो। माओवादीको पूर्ववत दल एकता केन्द्रको चुनावी मोर्चाका रुपमा रहेको संयुक्त जनमोर्चा संसदमा ९ सिटसहित तेस्रो दलका रुपमा रहेको थियो। त्यसको कार्यकाल पूरा हुन नपाउँदै २०५१ मा सो दल विभाजित गरी प्रचण्डले नेकपा(माओवादी)गठन गर्दै जनयुद्धमा होमिएका थिए। त्यसबेला हालका नारायणकाजी श्रेष्ठको समूह भने जनयुद्धमा असहमत भएर अलग हुँदै शान्तिपूर्ण राजनीतिमै सक्रिय थियो। शान्ति प्रक्रियापछि सोही प्रचण्ड र जनयुद्धमा जान असहमत भएका श्रेष्ठ समूह एकीकृत भएर बनेको माओवादी केन्द्र संसदमा एकपटक पहिलो हुँदै त्यसयता पूर्ववत तेस्रो स्थानमा खुम्चिन बाध्य छ।

अर्कोतिर जनयुद्धका प्रमुख सहयात्री रहेका प्रचण्ड बाबुराम राजनीतिक रुपमा दुई अलग कित्तामा पुगेका छन्। अझै पनि कतिपय राजनीतिक लाभका विषयमा नजिक हुने प्रयत्न गरेपनि उनीहरुको निकटता अब नीतिगतरुपमै एकतामा परिणत हुने सम्भावना देखिँदैन।

करिब चार दशक नेतृत्वमा रहेका प्रचण्डसँगै अन्तरविरोध सिर्जना भएर नै हालसम्म अधिकांश नेताहरु बाहिरिएको घटनाक्रमबाटै प्रष्ट हुन्छ। पछिल्लो जनार्दनको बहिर्गमन पनि त्यसकै निरन्तरता हो। प्रचण्डसँगकै राजनीतिक अन्तरविरोधले उनी बाहिरिन बाध्य भएका हुन्।

प्रचण्डको विगतदेखिकै नेतृत्वको एकल केन्द्रीकरण र सोही अनुरुपको सांगठनिक संरचनाले पार्टीमा नयाँ पुस्ताको आकर्षण हुन सकेन। हालैको जेनजी विद्रोहले झनै विद्यमान परम्परागत दलको अस्तित्व नै संकटमा पारिदियो। यस्तो विषम परिस्थितिमा पार्टीलाई आजको युग सापेक्ष रुपान्तरित गर्नुपर्ने प्रस्ताव जनार्दन शर्माले उठाउँदै आएका थिए।

उनले विगत दुई वर्षदेखि पार्टीभित्र लोकतान्त्रिकरण र पुस्तान्तरणको एजेण्डा उठाइरहेका थिए। त्यसको सम्बोधन विशेष महाधिवेशनमा गर्ने घोषणा गर्दै पार्टीका सम्पूर्ण सांगठनिक संरचना नै भंग गरेका प्रचण्ड अन्ततः त्यसबाट उम्किन एकीकृत समाजवादीसँग समाहित हुन पुगे।

# जेनजी आन्दोलनपछि नेपालबारे के सोच्छन् चिनियाँ ?



भरत शर्मा

नेपालमा अप्रत्याशित दुई दिने जेनजी आन्दोलन, त्यसपछि बनेको नयाँ सरकार, राजनीतिक दलहरूको गुट, फुट र एकता आदिबारे चिनियाँ धारणा के होला ? यो प्रश्न नेपालबाट धेरै मित्रहरूले सोधिरहनु हुन्छ। यसको उत्तरका लागि नेपाल बारेका चिनियाँ अध्येता, चीनमा अध्ययन गरेका नेपाली मित्रहरूसँग विभिन्न कोणबाट संवाद गरेर यो आलेखमा यस विषयलाई हेर्ने प्रयत्न गरिएको छ।

त्यसो त चिनियाँ अध्येताहरू अर्को कुनै पनि मुलुकबारे नकारात्मक टिप्पणी गर्न खासै रुचाउँदैनन्। चिनियाँ सरकारले बनाउने धारणा र सोच जे हो, अध्येताहरूको पनि उस्तै सोच हुने गरेको छ। चिनियाँहरू अरूका धेरै कुरा सुन्छन्, सुनेका कुराहरूलाई अनेक कोणबाट प्रश्न गरि प्रस्ट हुन खोज्छन् तर उनीहरूको बुझाई के हो त भन्न त्यति रुचाउँदैनन्। तथापि पछिल्लो समय नेपालका घटनाबारे उनीहरू अलिक बढी मुखरित हुन थालेका छन्।

चिनियाँहरू आफूहरू कम बोल्ने र अरूका कुरा बढी सुन्ने तथा बोलेका कुराहरूलाई सबै आयामबाट बुझ्न खोज्छन् यो नै उनीहरूको विशेषता हो। चिनिया अध्येताहरू छिमेकी देश र तेस्रो मुलुकमा भएका परिघटनाबारे सूक्ष्म जानकारी राख्छन् तर चिनियाँ कम्युनिस्ट पार्टी, चीन सरकार र विदेश मन्त्रालयले बोल्ने बाहेक उनीहरू ती मुलुकबारे टिप्पणी वा आलोचनामा आफ्ना विचार राख्न चाहँदैनन्।

विश्वविद्यालयमा अध्येताहरू मात्र होइन, अध्ययन अनुसन्धान गर्ने चिनियाँ केन्द्रहरू पनि कुनै पनि घटनालाई मिहिन ढङ्गले विश्लेषण गरिरहेका हुन्छन् तर सुझाव दिन चाहँदैनन्। युनान विश्वविद्यालयमा रहेको नेपाल अध्ययन केन्द्रले नेपालमा हरेक साताभित्र भएका प्रमुख राजनीतिक घटनाक्रम, जेनजी आन्दोलन र निर्वाचनका सन्दर्भमा नेपाली सञ्चारमाध्यममा प्रकाशित र प्रसारण भएका सामग्रीको अध्ययनका आधारमा चिनियाँ भाषामा अनुवाद गरेर नेपाल र दक्षिण एसियाबारे सरोकार राख्ने अध्येताहरूसम्म पुग्ने गरी विच्याट अनलाइन खाता समूह बनाएर चिनियाँहरूलाई नेपालको वस्तुनिष्ठ ताजा अवस्थाबारे जानकारी दिने काम गर्छ। त्यसबाट नेपालबारेका खबरहरू चिनियाँहरूले आफ्नै चिनियाँ भाषामा अध्ययन गर्न पाएका छन्।

चिनियाँ अध्येताहरूले चीन सरकारको नीतिसँग मेल हुने गरी धारणा राख्छन्। तर, पछिल्लो समय नेपालमा भएको जेनजी आन्दोलन, त्यसपछि बनेको सुशीला कार्की नेतृत्वको सरकार, जेनजी आन्दोलनपछि गठन भएका जेनजीका विभिन्न अमुक गुट, फागुन २१ मा हुने आम निर्वाचन र पछिल्लो समय माओवादीले आफ्नो विचार र सिद्धान्त छोडेर नयाँ कम्युनिस्ट गठबन्धन गरेपछिको राजनीतिक परिदृश्यमा चिनियाँहरूको चासो झनै बढेको छ।

नेपालका कम्युनिस्टहरु फुट्न र जुट्न कत्ति समय पनि लगाउँदैनन् किन ? भनी चिनियाँहरूले जिज्ञासा राख्न थालेका छन्। १० वर्षे जनयुद्ध र १७ हजारको ज्यान जानेगरि विद्रोह गरेको पार्टीले पनि आफ्नो सिद्धान्त छाडेर साना कम्युनिस्ट पार्टीसँग गठबन्धन गर्नुको खास कारण के हो ? भनी चिनियाँहरू जान्न चाहन्छन्।

दक्षिण एसियाली अध्ययन गर्ने चिनियाँ अध्येता, त्यसमा पनि नेपाल अध्ययनमा चासो राख्नेहरू यस बारेमा खास कुरा के हो ? नेपाली सञ्चारमाध्यममा आएका विश्लेषणहरू, नेपालका नेताहरूले बोलेका कुरा, नेपालका राजनीतिशास्त्रीका विश्लेषण, राजनीतिक दलमा आबद्ध भएका नेता र प्राध्यापकका विचारहरूलाई अलग अलग ढङ्गबाट अध्ययन गरि बुझ्न खोज्दैछन्।

नेपालमा रहेका तिब्बती युवाहरूको जेनजी आन्दोलनमा संलग्नता उनीहरूको गतिविधि, उनीहरूले लिएका नक्कली नागरिकताबारे नेपालमा यो सबै कसरी हुन गयो भनी चीन सरकार र चिनियाँ अध्येताहरू चकित परेको अवस्था छ। नेपालका सञ्चारमाध्यममा प्रकाशित हुने समाचार मात्रै होइन, नेपालका सामाजिक सञ्जालमा लेखिएका, बोलिएका विषयमा पनि चिनियाँहरूको चासो छ। त्यसैले होला, नेपाली समाचारहरू चिनियाँ भाषामा अनुवाद हुने क्रम बढ्दो छ।

चीन सरकारको नेपालसँग विशेष गरी उ एक चीन नीतिप्रति प्रस्ट होस्, नेपालमा चीन विरोधी गतिविधि नहोस् र नेपालमा बसेका तिब्बतीहरू चीन विरोधी गतिविधिमा संलग्न नहोऊन् भन्ने चासो राख्छ। यस पटक तिब्बती शरणार्थीहरूको गतिविधि, उनीहरूले विभिन्न ठाउँबाट लिएको नेपाली नागरिकताको विषय नेपाली सञ्चारमाध्यममा आएपछि चीन सरकार र नेपाल अध्ययन गर्ने चिनियाँ अध्येताहरू आश्चर्यमा छन्।

नेपालमा पैसा खर्च गरेपछि जे काम पनि गर्न सकिन्छ भन्ने चिनियाँहरूलाई थाहा नभएको होइन। तर तिब्बती शरणार्थीहरूले पैसा खर्च गरेरै नक्कली बाबु-आमा खडा गरेका र त्यसमार्फत नेपाली नागरिकता लिएका होलान् भन्ने उनीहरूले सोचेका थिएनन्। यो उनीहरूको आशङ्का भन्दा परेको कुरा थियो।

चिनियाँहरूले आशङ्का नै नगरेको विषयमा जेनजी आन्दोलनबारे नेपाली सञ्चारमाध्यममा समाचारहरू आउन थालेपछि त्यसलाई चिनियाँहरूले अनुवाद मात्रै होइन कि गम्भीर विषयसूचीमा समावेश गरेर अध्ययन गर्न थालेका छन्। विभिन्न कुरा सार्वजनिक भइसकेपछि अब उनीहरूले लिएका नागरिकता के हुन्छ ? उनीहरूमाथि कस्ता कारबाही हुन्छन् ? जस्ता प्रश्नमा उनीहरू घोत्लिएका छन्।चीनको सिचुवान विश्वविद्यालयमा रहेको इन्स्टिच्युट अफ साउथ एसियन स्टडिजको नेपाल स्टडी सेन्टरका उपनिर्देशक डा. गाओ लियाङले नेपालको पछिल्लो घटनाक्रममा बेइजिङ अधिक सतर्क छ।

# ‘प्रतिनिधिसभा निर्वाचनलाई सफल पार्नु प्रदेश सरकारको पनि दायित्व हो’

गण्डकी । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घ सरकारले आगामी फागुन २१ गतेलाई घोषणा गरेको प्रतिनिधिसभा निर्वाचन सफल पार्नु प्रदेश सरकार पनि दायित्व रहेको बताउनुभएको छ । गण्डकी प्रदेशसभा बैठकलाई आज सम्बोधन गर्दै उहाँले संविधानतः हुने निर्वाचन प्रक्रियालाई सहयोग गर्न प्रदेशसभा सदस्य, राजनीतिक दल, नागरिक समाजलगायत सबै प्रदेशवासीमा अनुरोध गर्नुभएको हो ।



मुख्यमन्त्री पाण्डेले युवा पुस्ताको व्यावहारिक आकाङ्क्षा र भावनालाई समेट्दै वैधानिक तथा लोकतान्त्रिक बाटोबाट देशमा आइपरेको सङ्कटलाई दीर्घकालीन समाधान गर्न सबै एकजुट हुनुपर्नेमा जोड दिनुभयो । “पछिल्ला घटनाक्रमले हामी राजनीतिक दल र नेतृत्वलाई पनि गहिरो आत्मसमीक्षाको सन्देश दिएको छ”, उहाँले भन्नुभयो, “हाम्रो जिम्मेवारी भनेको जनअपेक्षाअनुसार जवाफदेही पारदर्शी र उत्तरदायी कार्यबाट देशलाई पुनःनिर्माण तथा स्थायित्वको बाटोमा अघि बढाउनु हो ।”

नेपाली समाजको विशिष्ट चरित्र सामाजिक एकता र सद्भाव रहेको बताउँदै मुख्यमन्त्री पाण्डेले यसलाई अझै बलियो बनाउनुपर्ने धारणा राख्नुभयो । ‘जेनजी’ आन्दोलनका क्रममा भएका फौजदारी घटना, आक्रमण, लुटपाट र तोडफोटको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्ने उहाँको भनाइ थियो । आन्दोलनका क्रममा निजी क्षेत्रमाथि भएको आक्रमणले लगानीको वातावरण धमिल्याएको मुख्यमन्त्री पाण्डेले बताउनुभयो । “हजारौँ रोजगारी सिर्जना गरेका र देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्दै आएको निजी क्षेत्रसँग सहकार्य गर्दै शान्त, सुरक्षित र लगानीमैत्री वातावरण निर्माण गर्न गण्डकी प्रदेश सरकार सक्रिय रहनेछ”, उहाँले भन्नुभयो ।

पछिल्लो समय युवापुस्ताको माग र आन्दोलनको भावनाअनुसार नै गण्डकी प्रदेश सरकारले आफ्ना नीति तथा कार्यक्रमलाई अघि बढाउँदै आएको मुख्यमन्त्री पाण्डेले बताउनुभयो । भ्रष्टाचारको अन्त्य, सुशासन, मितव्ययी, सहज, सरल सेवा प्रवाह प्रदेश सरकारको प्राथमिकतामा रहेको उहाँको भनाइ थियो । बैठकका शून्य समयमा बोल्न अधिकांश प्रदेशसभा सदस्यले गत भदौ २३ र २४ गतेको ‘जेनजी’ आन्दोलनमा भएका आपराधिक घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन माग गर्नुभएको थियो । शून्य समयमा प्रदेशसभा सदस्य कल्पना तिवारी, गणेशमान गुरुङ, देवका पहाडी त्रिपाठी, नन्दकला दमाई नेपाली, प्रकाश बराल, फणिन्द्र देवकोटा, बेदबहादुर गुरुङ, भक्तबहादुर कुँवर, भीमबहादुर कार्की, रेशमबहादुर जुग्जाली, लिलबहादुर थापा, सीताकुमारी सुन्दास, सुशीला सिम्खडा, श्यामराजा महत, हरिबहादुर भण्डारी र सुनिता थापाले भनाइ राख्नुभएको थियो ।

बैठकमा सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले ‘गण्डकी विश्वविद्यालय पहिलो संशोधन विधेयक, २०८२’ प्रदेशसभामा पेस गर्नुभएको थियो । उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले ‘औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेतीलाई नियमन गर्न बनेको विधेयक’ प्रदेशसभामा पेस गर्नुभयो । पर्यटनमन्त्री बस्यालले दफाबार छलफलका लागि आजको बैठकमा प्रस्तुत गर्नुभएको ‘गण्डकी प्रदेशमा खानी तथा खनिज पदार्थको अन्वेषण र व्यवस्थापन गर्न बनेको विधेयक’मा छलफल सुरु भएको छ ।

‘जेनजी’ आन्दोलनका कारण उत्पन्न परिस्थितिका कारण स्थगन भएको प्रदेशसभा बैठक दुई महिनापछि आज बसेको हो । नदीपुरमा रहेको प्रदेशसभा भवन ‘जेन्जी’ आन्दोलनका क्रममा क्षतिग्रस्त बनेपछि कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सभाकक्षमा प्रदेशसभा बैठक सञ्चालन गरिएको प्रदेशसभा सचिव गोविन्द पौडेलले जानकारी दिनुभयो ।

पुनः प्रयोगमा ल्याउन नमिल्नेगरी प्रदेशसभा भवनलगायतका संरचनामा क्षति पुगेकाले प्रदेशसभा बैठक सञ्चालनका लागि कृषि मन्त्रालयको भवनमा वैकल्पिक व्यवस्था गरिएको हो । हालै मात्र प्रदेशसभाको नयाँ भवन निर्माण सुरु गरिएकाले उक्त भवन नबनेसम्म अस्थायी संरचनाबाट प्रदेशसभाका कामकारबाही सञ्चालन हुने प्रदेशसभा सचिवालयले जनाएको छ ।रासस

# मुख्यमन्त्री कार्कीसँग ‘एसडिसी’का सहायक निर्देशक विकीको शिष्टाचार भेट




विराटनगर । कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीसँग स्वीस एजेन्सी फर डेभलपमेन्ट एण्ड कोअपरेसन (एसडिसी)का सहायक निर्देशक आर्नो विकीले सोमबार शिष्टाचार भेट गर्नुभएको छ ।

सो अवसरमा द्विपक्षीय सहयोगका विभिन्न विषयमा कुराकानी भएको मुख्यमन्त्री कार्कीको सचिवायले जनाएको छ । मुख्यमन्त्री कार्कीले सङ्घीयता कार्यान्वयनमा स्वीस सरकारले गरेको सहयोगको प्रशंसा गर्नुभयो ।

नेपालको शान्ति, समृद्धि र विकासका लागि स्वीस सरकारले गरेको सहयोग महत्त्वपूर्ण भएको बताउँदै मुख्यमन्त्री कार्कीले जलवायु परिवर्तनलगायतका विषयमा सहकार्य गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

सहायक निर्देशक विकीले कोशी प्रदेश सम्भावनायुक्त प्रदेश भएको चर्चा गर्दै यो प्रदेशमा विकास र पर्यटनको तथा सम्भावना भएको बताउनुभयो । लोकतन्त्रको यात्रा महत्वपूर्ण भएको बताउँदै उहाँले यो बेलामा सबैले आफ्नो भूमिका प्रभावकारी रुपमा देखाउनुपर्ने बताउनुभयो ।रासस

# किसानका समस्या समाधानतर्फ सरकारको ध्यान छ : कृषिमन्त्री

काठमाण्डु । कृषि तथा पशुपन्छी विकासमन्त्री डा मदनप्रसाद परियारले नेपाली किसानका समस्या समाधान गर्न आफू तत्पर रहेको बताउनुभएको छ । सोमबार सिंहदरबारमा मौरीपालक किसानहरूसँगको छलफलमा मन्त्री परियालले किसानको सहमति र सल्लाह विपरीत कुनै पनि निर्णय नगरिने प्रतिबद्धता पनि जनाउनुभएको छ ।


बहुराष्ट्रिय कम्पनीहरूलाई मह आयात गर्न दिने निर्णय गरेपछि रुष्ट बनेका किसानहरूसँग उहाँले आज मन्त्रालयमै छलफल गर्दै विगतको सहमतिका आधारमा एक पटकका लागि किसान प्रतिनिधिकै रोहबरमा आयात गर्न दिएको जानकारी दिनुभयो ।आगामी दिनमा पनि मौरीपालक किसानसँगको छलफलपछि मात्रै निर्णय गर्नेछ । रासस

# मेलम्ची खानेपानी आयोजनाको मुहान खुलाउन छलफल

काठमाण्डु । मेलम्ची खानेपानी आयोजनाको मुहान खुलाउन खानेपानी मन्त्रालय र मेलम्ची खानेपानी बाढीपीडित सङ्घर्ष समितिबीच आज पुनः छलफल भएको छ ।

खानेपानी मन्त्रालय र सङ्घर्ष समितिबीच विगतमा भएका सहमति कार्यान्वयन गर्ने विषयमा सोमबार पनि पुनः छलफल भएको मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक जगरनाथ दासले राससलाई जानकारी दिनुभयो । विसं २०८१ असोज २१ गते सङ्घर्ष समिति र तत्कालिन खानेपानी मन्त्री प्रदिप यादवबीच स्थानीय स्तरमा ऋण लिई व्यवसाय गरिरहेकाहरुले बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण मिनाहा गर्न तथा विद्युत् महशुल जरिवानासहितको मिनाहा गर्न सम्बन्धित निकायमा पहल गर्ने, हेलम्बु गाँउपलिकामा प्राविधिक इन्जिनियरिङ कलेज स्थापना गर्न सङ्घिय शिक्षा मन्त्रालयमार्फत हुनेगरी विशेष पहल गर्ने, हेलम्बु गाउँपालिकाका जोखिममा रहेका सार्वजनिक संरचाना, घर, वस्ती सुरक्षा सम्बन्धि एकीकृत विकास कार्यक्रम तथा नयाँ शहरका रूपमा विकास गरी तत्काल अध्ययन कार्य अगाडि बढाउन शहरी विकास मन्त्रालयमार्फत हुने गरी विशेष पहल गर्नेलगायत सम्झौता भएको थियो ।

यस्तै २०७८ असार १ गते तथा साउन १६ र १७ गतेको बाढीले बगरमा परिणत भएको जग्गामा भविष्यमा व्यक्तिले



संरचना निर्माण तथा खेतीपाती गर्ने कार्य गर्ने हुँदा यस्तो विपद् पुनः दोहोरिने देखिएको हुँदा स्थानीयको जग्गा सङ्घिय सरकारले स्वामित्वमा लिई दुवै पक्षको सहमतिमा तत्कालिन दररेटमा मुआब्जा उपलब्ध गराउने व्यवस्था गर्न विशेष पहल गर्ने, गोल्फुभञ्ज्याङ-चित्रे-ग्याल्थुम सुरुङ-चनौटे रातोपुल-पाल्चोक देवीथान-लावगाउँ-बाँसखर्क-वरुवा-याङ्नी-वैकल्पिक सडकको आवश्यक प्रक्रिया सुरु गर्नेलगायत सम्झौतामा उल्लेख थियो ।

आइतबार मन्त्रालयकी सचिव प्रमिलादेवी बज्राचार्यको अध्यक्षतामा भएको छलफलमा मेलम्ची खानेपानी आयोजनाका कार्यकारी निर्देशक दास, काठमाडौँ उपत्यका खानेपानी लिमिटेडका प्रतिनिधि, सरोकारवाला निकाय, राजनीतिक दल र जेनजीका प्रतिनिधि सहभागी थिए । सङ्घर्ष समितिले काठमाडौँले मेलम्चीको पानी उपभोग गरेबापत् स्थानीय हेलम्बु गाउँपालिकालाई २५ प्रतिशत लाभांश दिने छ । रासस

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय बर्दिवास, महोत्तरीका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति, गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८२/०७/२५ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०१/२८ गते आइतबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले मिति २०८२/०५/०४ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, बर्दिवास, महोत्तरीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८२/०८/०२ गते मंगलबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, बर्दिवास, महोत्तरीमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको विवरण :**

| | |
|---|---|
| **ऋणी :** नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालय महोत्तरीमा प्राईभेट रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७४/०७/२० मा दर्ता भई प्रा.फ.र.नं. ४०९४/२८/०७४/७५ कायम भई, नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, जनकपुर धनुषाबाट मिति २०७४/०७/२० (मु.अ.क. दर्ता मिति २०७५/०७/११) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०७११८३७९ को प्रमाणपत्र प्राप्त राज कुमारी महत्तो को प्रोप्राइटरसिपमा रहेको **माँ पञ्चधुरा अटोमोबाइल्स ।** **रजिष्टर्ड ठेगाना :** महोत्तरी जिल्ला गौशाला न.पा. वडा नं. ५ । | **प्रोप्राईटर तथा जमानतकर्ता : राज कुमारी महतो** (ना.प्र.नः १८३०६३/१२०१ जारी मिति २०६३/१०/२१ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी ). ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा.वडा नं. १ (साबिक महोत्तरी जिल्ला बिजलपुरा गा.बि.स. वडा नं. ९ ) बाबु : नबल किशोर महतो कोइरी बाजे : बतहु महतो । पति : शत्रुध्न कुमार महतो कोइरी । ससुरा : राम दयाल महतो कोइरी । |
| **जमानतकर्ता : शत्रुध्न कुमार महतो कोइरी** (ना.प्र.नः ३३६९२००३ जारी मिति २०५५/१०/२७ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी ) । ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा.वडा नं. १ (साबिक महोत्तरी जिल्ला गोनरपुरा गा.बि.स. वडा नं. ९) बाबु : राम दयाल महतो कोइरी । बाजे : कलर महतो कोइरी । | **जमानतकर्ता : नबल किशोर महतो कोइरी** (ना.प्र.नं. १८२६२६७६ जारी मितिः २०४६/१२/०१ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) । ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा.वडा नं. १३ (साविक महोत्तरी जिल्ला बिजलपुरा गा.बि.स. वडा नं. ९) । बाबु : बतहु महतो । बाजे : ज्ञान चन महतो । |
| **जमानतकर्ता : सरोज कुमार महतो** (ना.प्र.नः १८-१-०६०/१४९, जारी मिति २०६६/०८/०२ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) । ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १३ (साविक महोत्तरी जिल्ला बिजलपुरा गा.बि.स. वडा नं. ९) । बाबु : नबल किशोर महतो कोइरी । बाजे : बतहु महतो । | **जमानतकर्ता : रुपकला देवि महतो** (ना.प्र.नः १८३०६३/१२०० जारी मिति २०६३/१०/२१ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी ). ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा.वडा नं. १३ (साबिक महोत्तरी जिल्ला बिजलपुरा गा.बि.स. वडा नं. ९) बाबु : अनुप महतो । पति : नबल किशोर महतो कोइरी । ससुरा : बतहु महतो । |

**ख. धितो सुरक्षणको विवरण :**

१. राज कुमारी महतोको नाममा मालपोत कार्यालय वर्दिवासमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला बिजलपुरा गा.वि.स. वडा नं. ३ नक्सा सिट नं. ३क, कित्ता नं. ६५४ क्षेत्रफल ०-५-१६.७५-० (बिघा)को घर/जग्गा, ऐ.जि. २५ नं. बहादुरगंज गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ कित्ता नं. २१४१ क्षेत्रफल ०-१-१३.५-० (बिघा)को घर/जग्गा, र ऐ.जि. किसाननगर गा.वि.स. वडा नं. १, नक्सा सिट नं. १क स्थित कित्ता नं. ६०६ र ६०४ क्षेत्रफल ०-३-१६-० र ०-१-१९-० (बिघा)को घर/जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ....................................................१

२. ऋणी **माँ पञ्चधुरा अटोमोबाइल्स**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ................................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **शाखा कार्यालय, बर्दिवास, महोत्तरी, बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र अन्य शाखा कार्यालयहरु** बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बर्दिवासमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०७/२५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

**१.** धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. १ मा रजिष्टर्ड कार्यालय रही कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७९ साल ०९ महिना ०६ गते ४ रोज दर्ता नं. ३०४११४/०७९/०८० तथा आन्तरिक राजश्व कार्यालय, जनकपुरमा मिति २०७९/०९/०६ मा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं. ६१०४१७५४४ अन्तर्गत दर्ता कायम भएको **धनुषाधाम कृषि तथा पशुपालन केन्द्र प्रा.लि.** ।

**२.** तेजनाथ साह तेलीको नाति, सूर्यदेव साह तेलीको छोरा, धनुषा जिल्ला, साविक ध.गोविन्दपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ३ बस्ने **समोद कुमार साह** (ना.प्र.नं. २६३२२१०३, जारी मिति २०६२/०६/२०, जि.प्र.का. धनुषा) ।

**ऋणी १ को व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. तेजनाथ साह तेलीको नाति, सूर्यदेव साह तेलीको छोरा, धनुषा जिल्ला, साविक ध.गोविन्दपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ३ बस्ने **समोद कुमार साह** (ना.प्र.नं. २६३२२१०३, जारी मिति २०६२/०६/२०, जि.प्र.का. धनुषा) । | २. सूर्यदेव साह तेलीको बुहारी, अमोद कुमार साहको पत्नी, महोत्तरी जिल्ला, साविक पिपरा गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ३ बस्ने **राधिका कुमारी** (ना.प्र.नं. १८-०१-७३-०२७००, जारी मिति २०७३/०३/२७, जि.प्र.का. महोत्तरी) । |

**ऋणी १ र ऋणी २ को संयूक्त व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. तेजनाथ साह तेलीको नाति, सूर्यदेव साह तेलीको छोरा, धनुषा जिल्ला, साविक ध. गोविन्दपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ३ बस्ने **अमोद कुमार साह** (ना.प्र.नं. २६३२२१०२, जारी मिति २०६२/०६/२०, जि.प्र.का. धनुषा) । | २. तेजनाथ साह तेलीको बुहारी, सूर्यदेव साहको पत्नी, धनुषा जिल्ला, साविक ध. गोविन्दपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ३ बस्ने **गिता कुमारी** (ना.प्र.नं. २६३२२८४२, जारी मिति २०४६/०३/२८, जि.प्र.का. धनुषा) । |
| ३. सूर्यदेव साह तेलीको बुहारी, समोद कुमार साहको पत्नी, धनुषा जिल्ला, साविक धनुषा गो. गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ३ बस्ने **निर्मला कुमारी** (ना.प्र.नं. १७३०४७/७५, जारी मिति २०७०/०२/२२, जि.प्र.का. धनुषा) । | ४. विलट साहको नाति, तेजनाथ साहु तेलीको छोरा, धनुषा जिल्ला, साविक धनुषा गोविन्दपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ३ बस्ने **सूर्यदेव साह तेली** (ना.प्र.नं. २६३२१९०९, जारी मिति २०५८/०८/२१, जि.प्र.का. धनुषा) । |

**धितोको विवरण**

१. धनुषाधाम कृषि तथा पशुपालन केन्द्र प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२. **ऋणी २ र समोद स्टिल फर्निचर स्टोर्सको नाममा संयुक्त धितोबन्धकी कायम रही ऋणी १ को पक्षमा दोहोरो धितोबन्धकी कायम रहेको :** समोद कुमार साह (ना.प्र.नं. २६३२२१०३, जारी मिति २०६२/०६/२०, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, जनकपुर गा.वि.स./न.पा. वडा नं. १३ हाल धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. १३ स्थित कि.नं. २०७ को क्षेत्रफल ०-३-०-३१/४ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. **ऋणी २ र समोद स्टिल फर्निचर स्टोर्सको नाममा संयूक्त धितोबन्धकी कायम रही ऋणी १ को पक्षमा पुनः धितोबन्धकी कायम रहेको :** समोद कुमार साह (ना.प्र.नं. २६३२२१०३, जारी मिति २०६२/०६/२०, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक तेजनगर गा.वि.स./न.पा. वडा नं. १, नक्सा सिट नं. १ क हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. २ स्थित कि.नं. ४२९ को क्षेत्रफल ०-०-१४-० (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

४. **ऋणी २ र समोद स्टिल फर्निचर स्टोर्सको नाममा संयूक्त धितोबन्धकी कायम रही ऋणी १ को पक्षमा पुनः धितोबन्धकी कायम रहेको :** अमोद कुमार साह (ना.प्र.नं. २६३२२१०२, जारी मिति २०६२/०६/२०, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक धनुषा गोविन्दपुर गा.वि.स./न.पा. वडा नं. १, नक्सा सिट नं. १, हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. २ स्थित कि.नं. ४६७ को क्षेत्रफल ०-१०-१७-८ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

Siddhartha Bank
शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं. ०४१-५९०८७१
Website : www.siddharthabank.com

# भारतीय प्रसिद्ध सचित्र कथाका पुस्तकहरूको महत्त्वपूर्ण मूलप्रतिहरू नै आगलागीबाट नष्ट

बीबीसी

काठमाण्डु । धेरै पुस्ताका भारतीयहरूका लागि अमर चित्रकथाका पुस्तकहरू मिथक, इतिहास र पौराणिक कथा पढ्ने रोचक स्रोत थिए।

आकर्षक दृश्य र सरल भाषाको प्रयोग गरेर धार्मिक दृष्टान्त, शास्त्र र लोककथाहरूलाई विभिन्न चित्रहरूमार्फत प्रस्तुत गरिएको अमर चित्रकथा सन् १९६७ बाट प्रकाशित हुन सुरु भएको थियो।त्यसको छ दशकपछि पनि यसका कमिक्स अथवा चित्रकथाहरू विशेष गरी बालबालिकामाझ लोकप्रिय छन्। तर लामो इतिहास बोकेको यो चित्रकथाको एउटा भाग धूवाँ बनेर उडिसकेको छ।अक्टोबर १ मा मुम्बईको भित्री सहर भिवन्डीस्थित अमर चित्रकथाको गोदाममा सर्ट सर्किटका कारण भीषण आगलागी भयो।

आगो नियन्त्रणमा लिन अग्नि नियन्त्रकलाई चार दिन लाग्यो जति बेलासम्म त्यसले ठूलो क्षति पुऱ्याइसकेको थियो। प्रकाशनका प्रवक्ताका अनुसार अमर चित्रकथा र यसको भगिनी प्रकाशन टिङ्कलका करिब ६ लाख पुस्तकहरू जलेर नष्ट भए।उनका अनुसार बालबालिकाका निम्ति बनाइएका चित्र पत्रिका, विशेष संस्करणका बक्स सेट सहितका सामग्री पनि नष्ट भए। क्षतिग्रस्त सामग्रीमा सन् १९६० र १९७० को दशकका २०० भन्दा बढी हातले कोरिएका चित्रका मूल प्रति पनि थिए। कतिपय अभिलेखमा राखिनुपर्ने सामग्री र फिल्म पनि नष्ट भए।

अमर चित्रकथा र टिङ्कलकी बजार प्रमुख दामिनी बाथमले बीबीसी मराठीलाई बताए अनुसार धेरैजसो यसका संस्करणहरू डिजिटल रूपमा संरक्षित गरिएको छ।"तर हातले कोरिएका कलाकृतिका मूल प्रतिहरू गोदाममा भण्डारण गरिएको थियो। ती अमूल्य थिए। हामीले तिनलाई कहिल्यै बेचेका थिएनौँ,




त्यसैले हामीलाई वास्तविक लागत पनि थाहा छैन। यसलाई निकै सावधानीसाथ संरक्षण गरिएको थियो," उनले भनिन्। आगलागीबाट भएको आर्थिक क्षति अझै यकिन भैसकेको छैन, तर भावनात्मक क्षति भारतका कमिक्सप्रेमीहरूका लागि भारी छ।

"आज पनि, कसैले पनि अमर चित्रकथाको प्रति तुरुन्तै चिन्न सक्छ," लेखक तथा कमिक्सप्रेमी गणेश मतकरी भन्छन्।"यी पुस्तकहरूले बालबालिकाहरूमा अध्ययनको प्रेम जगाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरे। तिनीहरूको सरल भाषा र आकर्षक दृश्यहरूले जटिल कथाहरूलाई धेरैको पहुँचमा पुग्ने बनाए।" अमर चित्रकथा टाइम्स अफ इन्डिया पत्रिकामा कनिष्ठ इन्जिनियरको काम गर्ने अनन्त पै ले सुरु गरेका थिए।उनी त्यही पत्रिकाको सञ्चालक समूहको स्वामित्वमा रहेको इन्द्रजाल कमिक्ससँग आबद्ध थिए। त्यसले अमेरिकी लेखक ली फल्कका लोकप्रिय नायकहरू फ्यान्टम र म्यान्ड्रेकको बारेमा कमिक्सहरू प्रकाशित गर्थ्यो।

दिल्लीमा टेलिभिजन सेट बेच्ने पसलमा एउटा हाजिरी जबाफ प्रस्तुति हेरिरहेका बेला संयोगवश पै को मनमा अमर चित्रकथाको जुक्ति फुरेको थियो। उक्त हाजिरी जबाफका सहभागीहरूले ग्रीक पौराणिक कथाहरू बारेका प्रश्नहरूको जबाफ सजिलै दिए पनि भारतीय महाकाव्य र पौराणिक कथासँग सम्बन्धित प्रश्नहरूको जबाफ दिन नसकेको उनले देखे। उनको निधनको एक वर्षपछि सन् २०१२ मा अमर चित्रकथाद्वारा सार्वजनिक उनको जीवनीमा पै उक्त टेलिभिजनमा देखिएको हाजिरी जबाफबाट निराश भएर भारतीय कथाहरूमा आधारित कमिक्सहरू प्रकाशन गर्ने निधोमा पुगेको उल्लेख छ।

"उनका कथाहरूमा नैतिक मूल्यमान्यताको कुरा छ, आमाबाबु र स्कुलहरूले विश्वव्यापी रूपमा भारतीय विरासत सिकाउन प्रयोग गरेका छन्," टिङ्कलकी बजार प्रमुख बाथम भन्छिन्।सुरुका दशवटा अङ्कहरूमा सिन्ड्रेला र स्नो ह्वाइट जस्ता पश्चिमी परी कथाहरू समावेश थिए। तर सन् १९७० मा सार्वजनिक भएको हिन्दू देवता कृष्णमा आधारित एघारौँ अङ्कले अमर चित्रकथाका लागि नयाँ मोड ल्याइदियो। राम वीरकरले त्यसका लागि चित्रहरू तयार गरेका थिए। कृष्णबारेको उक्त संस्करणले यसका भावी प्रकाशनहरूको लागि एउटा बाटो तय गरिदियो।

अभिव्यक्ति दर्शाउने अनुहार, राम्रा हरफहरू र नाटकीय रचनाहरूका लागि परिचित वीरकरले यो प्रकाशनका लागि ९० भन्दा बढी कमिक्सहरूमा चित्र कोरे।कृष्णको सफलतापछि, अमर चित्रकथाले राम, शकुन्तला, सावित्री, भीष्म, हनुमान, चाणक्य, बुद्ध, शिवाजी र अशोक जस्ता भारतीय पौराणिक र ऐतिहासिक पात्रहरूमा आधारित धेरै कथाहरू समावेश गरेर प्रकाशनलाई विस्तार गऱ्यो।

"यी कमिक्स शृङ्खलाहरूले मलाई कार्टुनिष्ट बन्न प्रेरित गरे," आफूलाई अमर चित्रकथाका आजीवन प्रशंसकका रूपमा चिनाउने प्रसिद्ध चित्रकार आलोक निरन्तर भन्छन्।"अमर चित्रकथाप्रति सबैको मन पग्लन्छ। यसका मूल प्रतिहरू नै नष्ट भएको कुरा हृदयविदारक छ। डिजिटल युगमा पनि मूल कलाकृतिले बेजोड महत्त्व राख्छ।"सन् १९८० मा यो प्रकाशनले टिङ्कल सुरु गऱ्यो। यो सचित्र पत्रिका विशेष गरी बालबालिकाहरूमा अति लोकप्रिय थियो। यसका सुप्पन्डी र सिकारी शम्भु जस्ता पात्रहरू धेरै घरमा बालबच्चालाई बोलाउने नाम बने।

अमर चित्रकथा र टिङ्कल अङ्ग्रेजी, हिन्दी, तमिल, मलयालम र बङ्गाली लगायत धेरै भाषाहरूमा प्रकाशित भइरहेका छन्। एक दशकअघि प्रतिवर्ष ३० लाख प्रति बिक्री भइरहेका यी पत्रिकाहरू अहिले पनि प्रतिवर्ष ४५ लाख प्रतिहरू बिक्री भइरहेका छन्।यसको डिजिटल संस्करण पढ्न मिल्ने एप्स पनि विश्वभरि पाँच लाख प्रयोगकर्ताले डाउनलोड गरेको कम्पनीका एक कार्यकारीले बीबीसीलाई बताए। टिङ्कलकी प्रधानसम्पादक गायत्री चन्द्रशेखरणका अनुसार अक्टोबरदेखि फेब्रुअरीसम्म सबैभन्दा धेरै बिक्री हुने समय हो।

"हामी दीपावली मेला, पुस्तक मेला र हास्य कार्यक्रमहरूमा भाग लिने तयारीमा थियौँ। पछिल्लो ६ महिनामा छापिएका सबै कुरा आगोमा जलेर नष्ट भए," उनले भनिन्।तर, अमर चित्रकथाकी सम्पादक रीना पुरी अझै आशावादी छन्।"हामीले १९९४ मा पनि यस्तै आगलागीको सामना गरेका थियौँ। त्यसबेला फिनिक्स जस्तै हामी पनि खरानीबाट उठेका थियौँ, अब फेरि हामी उठ्ने छौँ। हाम्रा पाठकहरूको प्रेम र हाम्रो टोलीको दृढताले हामीलाई उठ्न मद्दत गर्नेछ," उनी भन्छिन्।

त्यसबेला अमरचित्र कथा प्रकाशित गरिरहेको इन्डिया बुक हाउसको मुम्बईको कार्यालयमा सन् १९९४ मा शर्ट सर्किटका कारण आगलागी भएको आशङ्का गरिएको थियो। उक्त आगलागीले करिब ३,००० सन्दर्भ पुस्तकहरू र धेरै अप्रकाशित संस्करणहरूको कलाकृति र पाण्डुलिपिमा क्षति पुऱ्याएको थियो। सम्पादक पुरी यसलाई डिजिटल प्लेटफर्मको माध्यमबाट नवीनता ल्याउने अवसरको रूपमा हेर्छिन्।

"१,५०० भन्दा बढी पुस्तकहरूको हाम्रो पुस्तकालय अब एप्समार्फत् डिजिटल रूपमा उपलब्ध छ," उनी भन्छिन्।यद्यपि कला प्रेमीहरूको लागि यो क्षति अपूरणीय छ। ति कलाकृतिहरूको मूल प्रति अब कसैले पनि हेर्न नपाउने गरी खरानी भएका छन्। "हामी बाल ठाकरे (जो पछि एक लोकप्रिय राजनीतिज्ञ बने) वा आरके लक्ष्मण जस्ता अग्रजका मौलिक कृतिहरू विरलै देख्न पाउँछौँ," कार्टुनिष्ट निरन्तर पछुतो मान्छन्।"अब अमर चित्रकथाको मूल प्रति नष्ट भएपछि भावी पुस्ताले यी उत्कृष्ट कृतिहरू प्रत्यक्ष देख्न पाउने छैनन्।"

## 'हरर विरोधाभास':

# कसरी डर जगाउने चलचित्रले तपाईँको तनाव कम गर्न सक्छन्

बीबीसी

काठमाण्डु । बेस्सरी तर्साउने र अति चर्को मारकाटका दृश्य भएका सिनेमा हेर्नु रमाइलो हुँदैन जस्तो लाग्न सक्छ तर त्यस्ता डरलाग्दा सिनेमाहरू मानिसलाई चिन्ताग्रस्त बनेको समयमा उपयुक्त उपचारको उपाय हुन सक्छन्।म जब १६ वर्षको थिएँ त्यतिबेला लाग्थ्यो राति सिनेमा हेर्न पाए रमाइलो हुन्थ्यो। तर म त गलत रहेछु।मेरा एकजना साथीले उनीहरूको द एक्जोर्सिस्टको डीभीडी ल्याएर दिए।त्यो फिल्म चलिरहँदा दुई घण्टासम्म मैले मेरा आँखाहरू छोपेरै बिताएँ।हरेक पल्ट डरलाग्दो दृश्य आउँदा तर्सिएर कुर्सिमा उफ्रिरहेका बेला मै सोचेँ कि मानिसहरूलाई यस्ता भयावह चिज कसरी मनोरञ्जक लाग्ने होला।



दार्शनिक र मनोविद्हरू पनि यो प्रश्नमा घोत्लिने गरेका छन्। तर्कका कुरा हेर्दा भयको भावना खासमा हाम्रो सुरक्षालाई खतरा हुने विषयबाट टाढा रहन चेतावनी दिने गरी विकास भएको छ। यसले हामीलाई वा हाम्रा प्रियजनहरूलाई हानी पुऱ्याउने कुनै पनि कुराको नजिक नजान सहयोग गर्छ। त्यसैकारण हामीमा उत्पन्न हुने भयले हामीमा लड्ने वा भाग्ने प्रतिक्रिया उत्पन्न गर्छ।

पश्चिमा जगतमा हरेक वर्ष ह्यालोवीन पर्व नजिकिँदै गर्दा कैयौँले आफैलाई तर्साउने तरिका खोज्न थाल्छन्। यो बेला खासगरी त्यस्ता फिल्महरू हेरिन्छ जसले हृदयको धड्कन बढाउँछन्। जम्बी अपोकलिप्स्देखि स्ल्याशर ब्लडबाथसम्म हामी तर्सिने किसिमका फिल्म हेर्छौँ - त्यसैले होला हरर (डरलाग्दा दृश्यहरू भएका) चलचित्र हलिवुडमा सबभन्दा ज्यादा कमाइ गर्ने विधा बनेका छन्। "हररको विरोधाभास निकै पुरानो पहेली हो," मोन्याश विश्वविद्यालय अस्ट्रेलिया र क्यानडाको युनिभर्सिटी अफ टोरन्टोका अनुसन्धानकर्मी मार्क मिलर भन्छन्।

"एरिस्टोटलले पनि यसबारे बोलेका छन् - हामी खतरनाक, हानिकारक भयानक चिजहरूबाट बच्न र तिनबाट टाढा रहन बनेका छौँ । तर हामी घिनलाग्दो, हानिकारक र भयानक चिजहरू रहेकातिर आकर्षित भएको पनि महसुस गर्छौँ।"पछिल्लो दश वर्षमा मनोवैज्ञानिकहरूले अन्ततः यो रहस्य सुल्झाउन सुरु गरेका छन्।केही प्रमाणहरूका अनुसार डरलाग्दो कथाले मस्तिष्कको त्यो पाटोलाई सक्रिय बनाइदिन्छ जसले हामीलाई अनिश्चिततासँग जुझ्न मद्दत गर्छ।

र नयाँ परिणामहरूले देखाए अनुसार आतङ्कका काल्पनिक कथाहरूले केही गम्भीर मानसिक लाभ पनि दिन सक्छन् जसले वास्तविक दुनियाँमा हामीले भोगिरहेको तनावपूर्ण अवस्था ( एङ्जाइटी) लाई पनि कम गर्ने किसिमको लाभ हुन सक्छ। तिनले हाम्रा चिन्ताका लागि एक मलमको रूपमा काम गर्छन्। एरिजोना स्टेट विश्वविद्यालयस्थित मनोवैज्ञानिक कोल्टन स्क्रिभनरले यो अनुसन्धानमा अग्रणी भूमिका खेलेका छन्। उनी 'मोर्बिडिटी क्युरिअसः अ साइन्टिस्ट एक्स्प्लेन्स ह्वाइ वी कान्ट लुक अवे' भन्ने किताबका लेखक पनि हुन्।

बाल्यकालमा उनी सधैँ डरलाग्दा रोमाञ्चक कथाहरू मन पराउँथे। जब उनी स्नातक तहको अध्ययन गर्न थाले त्यसपछि उनी मानव संस्कृतिहरूमा डर पैदा गर्ने कथा जताततै उपलब्ध भएको तथ्यबारे घोत्लिन थाले।

"लेखनीको पहिलो प्रमाणका रूपमा हामीसँग रहेको सामग्रीमा भयानक राक्षस र राक्षसी जनावरबारेको प्रसङ्ग पाइन्छ" स्क्रिभनर भन्छन् । उनले गिलगमेश महाकाव्य लेखिएको ४००० वर्ष पुरानो बेबीलोनियन (शिलालेख) ट्याबलेटको वर्णन गर्दै भन्छन्, " म त भन्छु डरलाग्दा कथाहरू भाषा जत्तिकै पुराना छन्। "एउटा व्याख्या के हो भने तर्साउने हरर कथाहरूले एउटा नाटकको जस्तो काम गर्छन् जसले हामीलाई हाम्रो वरिपरि रहेको विश्वबारे बुझ्न सहयोग गर्छ र हामीलाई आइलाग्न सक्ने खतराहरूको सामना गर्न तयार पार्छ। "यसले मानव लगायत कुनै पनि जनावरलाई उनीहरू वरपर रहेको खताराबारे जान्न र बुझ्न मद्दत गर्छ," उनी भन्छन्।

यसको जरो हामी अरू प्रजातिमा पनि देख्न सक्छौँः जस्तो कि एक हरिणले टाढैबाट आफ्ना सिकारीहरू देख्छ र भागिहाल्छ। र मानिस सबभन्दा जिज्ञासु प्राणी हुनुको कारण के हो भने मान्छेसँग कथा सृजना गर्ने, अरूकहाँ पुऱ्याउने र ग्रहण गर्ने अद्भूत क्षमता हुन्छ।उनले अहिले यस्ता अनुकूलनका फाइदाहरूलाई समर्थन गर्ने सन्दर्भ जुटाएका छन्। एउटा अनुसन्धानमा उनले ४०० जना मानिसलाई अनलाइन प्रश्नहरूको जबाफ दिन जुटाएका थिए। त्यसमा उनीहरूले 'हरर चलचित्र' हेरेको आफ्नो अनुभवका बारेमा केही भनाइहरूमा आफ्नो अङ्क दिनु पर्थ्यो। जस्तो किः

**• मलाई हरर सिनेमा हेर्दा हुने अनुभूति मन पर्छ**

ङ्ड एउटा हरर सिनेमा हेर्दा म यति डराएँ कि म त त्यसपछि घर जान वा घरभित्र हिँड्न पनि डर लाग्यो

ङ्ड मलाई " क्रुर यातना दिइएका दृश्यहरू भएको फिल्म" हेर्न मन पर्छ किनभने यातना साँच्चिकै कस्तो हुन्छ भन्नेबारे जिज्ञासु छु परिणामको विश्लेषण गरेर उनले सहभागीहरूलाई तीन मुख्य समूहमा बाँड्न सकिने पाए।पहिलो "एड्रीनलिन जङ्कीहरू" अब के हुने होला भन्ने कौतूहलबाट प्राप्त हुने अनुभवबाट प्रेरित थिए - त्रासका बेला उनीहरू "बढी जीवन्त" महसुस गरिरहेका थिए ।

दोस्रो प्रकारलाई "ह्वाइट नकलर्स" भनियो तिनले हरर फिल्मले दिने तनाव मन पराउन्नन्।"उनीहरूले त्रास महसुस गर्नुमा रमाइलो मान्दैनन् तर उनीहरू डरमाथि विजय पाएको भावना भने मन पराउँछन्," स्क्रिभनर भन्छन्। कतिले त स्क्रीनमा देखिएका गतिविधि उनीहरूको तनाव वा अवसाद व्यवस्थापन गर्ने उपायका रूपमा पनि लिने गरेका छन्। त्यसलाई उनीहरूले एक प्रकारले आफ्नो बहादुरीको परीक्षणका रूपमा पनि हेर्छन्। यी सबै उद्देश्यले भयानक कुराहरूप्रति हाम्रो आकर्षणको विरोधाभास पहिल्याउने एक उपाय प्रदान गर्छन्। स्क्रिभनर भन्छन्, "यस्ता मृत्युसँग सम्बन्धित असहज विषयबारे अनेक जिज्ञासा हुन सक्छन्।"

